अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ९ / २०८३ असोज २ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Sep. 18, 2026 / मूल्य रु. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## भ्रुठको खेती गर्नेहरूले अर्ति उपदेश दिनुको अर्थ के ?

काठमाडौ । जुनसुकै घटनामा पनि त्यसको छानविन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन बुझाउन आयोग र समितिहरु गठन हुने गरेका छन् । तर त्यस्ता आयोग र समितिहरूका प्रतिवेदन नत सार्वजनिक हुन्छ नत कार्यान्वयन नै हुने गरेका छन् । विगतमा समेत यस्तै अवस्था हुने गरेको थियो । नेपालमा राजनीतिक परिवर्तन पछि आयोग र समितिहरु गठन हुने गरेका भएपनि कार्यान्वयन नहुनुको पछाडि आन्दोलन नै व्यक्तिहरु नै सत्तामा पुग्ने गरेका र उनीहरूलाई नै दोषी ठहर आयोग र समितिहरूले गर्ने गरेका हुनाले आफूहरु नै कारबाहीमा पर्ने डरले आन्दोलनपछि गठन हुने सरकारले प्रतिवेदनहरु कार्यान्वयन गर्ने गरेका छैनन्/थिएनन् ।

२०८२ भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते मुलुकभरमै भएको विध्वसात्मक कार्य पछि पनि २३ र

>>> बाँकी ८ पेजमा

## फेसबुकमा लेखेर होइन काम गरे देखाऊ बालेन सरकार

नजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर निर्वाचन मार्फत सत्तामा पुगेको रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकार आफ्नो असफलता लुकाउनका लागि पुराना भनिएका राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले लगायतका अन्य दलका नेता तथा कार्यकर्ताहरूमाथि अनेक प्रकारको दोष लगाएर आफ्नो असफलता र असक्षमता लुकाउन नै व्यस्त रहेको छ ।

जनताले सरकारका बारेमा प्रश्न उठाउँदा उनीहरूलाई पूराना दलका झोले भन्दै गाली गलौज गर्ने गरिएको छ । रास्वपा समर्थक र बालेन सरकार समर्थहरूले पूराना दल र तिनका नेताहरूलाई सम्पूर्ण रूपमा दानवीकरण गर्ने र नयाँलाई प्रश्नविहिन देवत्वकरण गर्ने प्रवृत्ति रास्वपा समर्थक र सरकार समर्थकहरूमा देखिएको छ । त्यसको एउटै कारण हो प्रधानमन्त्री बालेनले नै पुराना दलका नेता

>>> बाँकी ८ पेजमा

## विपक्षीलाई गाली गलौज होइन, काम गरेर जवाफ देऊ

काठमाडौ । लोकतन्त्रमा निर्वाचनमा जित्नु भनेको सरकार बनाउने अधिकार हो । जनताको विश्वास जोगाईरहनु सरकार टिक्नै मुख्य आधार र नैतिक आधार समेत हो । सरकारको शक्ति मतपत्रबाट आउँछ । तर सरकारप्रति जनताले गर्ने सम्मान उसको व्यवहारबाट निर्माण हुन्छ । सरकारको आयु केलब चुनावी अंक गणितले मात्र निर्धारण गर्न सक्दैन । शासनको मूल्याँकन नागरिकको दैनिकी जीवनमा हुन्छ । नागरिकको अनुभूतिमा हुन्छ । पछिल्लो समयमा प्रधानमन्त्री बालेन नेतृत्वको सरकारका विरूद्ध जनता सडकमा आउन थालेका छन् । सरकारका काम कारबाहीका बारेमा जनताले प्रश्न उठाउन थालेका छन् ।

>>> बाँकी ८ पेजमा

# सरकारको आयु चुनावी अंकगणितले मात्र निर्धारण हुँदैन

## शासनको मूल्यांकन नागरिकको दैनिक जीवनमा हुन्छ

देवेन्द्र चुडाल

काठमाडौ । गत वर्ष २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र सो विरोध प्रर्दशनलाई हाइज्याक गरेर आफ्नो स्वार्थ पूरा गर्नेहरूले नै भाद्र २४ गतेको विध्वसात्मक कार्य गरेको सरकारले बनाएको आयोग र राष्ट्रिय मानव अधिकार आयोगले बनाएको मानव अधिकार आयोगकी सदस्य लिलि थापाको संयोजकत्वमा गठन भएको आयोगले भाद्र २३ र २४ गतेको घटनाको अनुसन्धान गरी रास्वपाका १७ सांसद सहित २५ जनालाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । दुवै आयोगहरूले आ आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको र बालेन सरकार गठन भएको छ महिना पुग्न लाग्दा समेत अपराधमा संलग्न भएकाहरूलाई कारबाही गर्नुको बदला प्रतिवेदनहरु नै सार्वजनिक सम्म गरिएको छैन ।



रास्वपा नेतृत्वको बालेन सरकारको पक्षमा संसदमा झण्डै दुई तिहाईको मत रहेको छ । तर पनि सरकारले जनताको पक्षमा काम गर्न सकेको देखिएको छैन । लोकतन्त्रमा निर्वाचन जित्नु भनेको सरकार बनाउने अधकिार पाउनु हो । जनताको विश्वास जोगाईरहनु सरकार टिक्ने मुख्य आधार हो । सरकारको शक्ति मतपत्रबाट आउँछ तर सरकारप्रतिको सम्मान उसको व्यवहारबाट मात्र निर्माण हुन सक्छ । सरकारको आयु केबल चुनावी अंकगणित र परिणामबाट मात्र निर्धारण हुन सक्दैन ।

यसभन्दा पहिला पनि राजनीतिक दलहरूले एक्लै बहुमत पाएका थिए तर उनीहरूले त्यो बहुमतलाई टिकाउन सकेनन् । पटक पटक मध्यावधि निर्वाचन भएको इतिहास साक्षी रहेको छ । नेपली कांग्रेसले दुई पटक बहुमत पाएको थियो तर उसले त्यो बहुमतलाई टिकाउन सकेन भने अहिले देशमा रास्वपा नेतृत्व र बालेन सरकारलाई त्यो हेक्का रहेकै हुनुपर्दछ । शासनको मूल्यांकन नागरिकको दैनिकी जीवनमा हुन्छ, नागरिकको अनुभूतिमा हुन्छ । तर बालेन सरकारले नागरिकको दैनिक जीवनमा कुनै परिवर्तन ल्याउन सकेको छैन । आखिरी किन ? अघिल्लाको सरकारलाई चुनौती दिन सक्ने शक्ति नै छैन त्यही कारणले गर्दा रास्वपा र बालेन सरकारले नागरिकलाई वेवास्ता गर्दै दुइ तिहाईको घमण्डमा रमाउन थालेका हुनाले नागरिकमा वितृष्ण उत्पन्न हुन थालेको छ ।

केही दिन अघि कानूनमन्त्री सोविता

>>> बाँकी ८ पेजमा

## भाद्र २३ र २४ को घटनाको निष्पक्ष छानविन होस्

काठमाडौ । २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गतेको घटना घटाएर सत्तामा पुगेको रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकार पूराना दलहरूप्रति नकारात्मक सौँच राख्दै उनीहरूका विरूद्धमा लागि परेको छ । पूराना दलहरूले पटक पटक आन्दोलन गर्दै राजनीतिक व्यवस्था परिवर्तन गरेका हुनाले नै अहिले रास्वपा नेतृत्वको बालेन सरकार बनेको हो ।

हिजो काठमाडौ महानगरको मेयर रहँदा गरिबको चमेली बोल्दिने कोही छैन भन्ने गित गाउने व्यक्ति नै आज प्रधानमन्त्री रहेका छन् तर उनी अहिले उनैको नेतृत्वको सरकारको असफलताको कारण जनताले खाना पकाउने ग्यास नपाएर भोकभोकी बस्नु परेको बेलामा किन प्रधानमन्त्री बालेन र रास्वपा गरिबको चमेली ग्यास पाउने अधिकारका बारेमा बोलिदिने कोही छैन भनेर बोल्न सक्दैनन् ।

सामाजिक सञ्जाल फेसबुकमा विपक्षी दलका नेताहरूलाई गाली गलौज गरेर मात्र समस्याको समाधान हुन सक्दैन । भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा हजारौँ जनता घरबारविहिन भएका छन् भने झण्डै १ हजार ४०० जतिले ज्यान गुमाएका छन् ।

बाढी पिडितहरूको उद्धारका लागि बेलैमा

>>> बाँकी ८ पेजमा

## रास्वपाको नीति के ? प्रधानमन्त्रीले जे बोल्छन् त्यही हो ?

काठमाडौ । २०८२ फागुन २१ गते भएको संघीय संसदको निर्वाचन सम्पन्न भएको ६ महिना वित्न लाग्दा पनि नेपाली नागरिकको मनमा भय, डर, त्रास र संशयको पर्दा हट्न सकेको देखिँदैन । सरकारले आफूलाई सत्तामा पुऱ्याउने जनताबाट आफूलाई अलग राख्दै आएको छ भने प्रधानमन्त्री बालेन साहले सामाजिक सञ्जालको सहयोग लिन थालेका छन् भने सञ्चार जगत्लाई अनेक प्रकारका नाकाबन्दी लगाउँदै नेपाली सञ्चार माध्यमलाई उपेक्षा गर्दै आएका छन् । त्यसैका प्रमाण हो सरकारी विज्ञापन निजी क्षेत्रको सञ्चार माध्यमलाई नदिने र लोककल्याणकारी




विज्ञापनमा समेत कटौती गर्ने निर्णय गरेर सरकारले नेपाली सञ्चारमाध्यमको हुर्मत लिने काममात्र गरेका छैन निजी क्षेत्रका सञ्चारमाध्यमलाई बन्द नै गराउने रणनीतिमा सरकार लागि परेको छ ।

निजी क्षेत्रका सञ्चारमाध्यममा सरकारको गुण र दोषका आधारमा सरकारको समर्थन र विरोध गर्दै आएका छन् । सरकार भने आफ्नो विरोध नहोस् भन्ने चाहान्छ तर नेपाली जनताले भोग्नु परेको समस्याका बारेमा सरकारलाई जानकारी होस् भनेर सञ्चारमाध्यमले समाचार प्रकाशित र प्रसारित

>>> बाँकी ८ पेजमा

## नेपाली कांग्रेस विभाजित हुने नै भो त ?

काठमाडौ । नेपाली कांग्रेसको आगामी असोज ३ गतेबाट सुरु हुने महाधिवेशनमा सहभागि हुन १४ औं महाधिवेशनबाट केन्द्रीय समितिको सदस्यमा चुनिएका सबैलाई विशेष महाधिवेशनबाट आएका सरह सबैलाई केन्द्रीय समितिमा मनोनय गर्ने निर्णय गरेको छ । कांग्रेसको केन्द्रीय कार्य सम्पादन समितिको भाद्र २८ गते बसेको बैठकले सो निर्णय गरेको हो । सो निर्णयपछि पनि कांग्रेसका पूर्व सभापति शेरबहादुर देउवा लगायतका अन्य केही व्यक्तिहरु सहमत भएका छैनन् भने शेखर कोइराला भने दुवै पक्षमा नरहेर कांग्रेस पुन एकजुट हुनुपर्ने पक्षमा उभिएका छन् ।

मुलुकको सबैभन्दा पुरानो पार्टी कांग्रेस संकटको भूमरीमा पर्दा लोकतन्त्रमाथि नै घात हुन सक्ने सम्भावना बढेको छ ।





२०८२ भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गते मुलुकभर मै विध्वसात्मक कार्य गरेका थिए । त्यसबेला सिंहदरबार, सर्वोच्च, अदालत, संसदभवन, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत केही व्यावसायिक भवन र पुराना दलका शिर्ष नेताहरूका घर छानीछानी आगलागी गरिएको थियो । त्यसबेला पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेकपा एमालेका अध्यक्ष केपी ओली लगायत धेरै नेताहरूका घर ध्वस्त बनाइएका थिए आफ् ना निवासमा बसिरहेका देउवा दम्पतिलाई त्यसबेला आन्दोलनकारीहरूले कुटपिट समेत गरेका थिए ।

>>> बाँकी ८ पेजमा

## संविधान संशोधनका लागि दुवै सदनमा अलग अलग दुई तिहाई आवश्यक

काठमाडौ । संविधान संशोधनका लागि संसदका दुवै सदनमा छुट्टा छुट्टै दुई तिहाइ आवश्यक पर्ने भएको छ । सरकारले प्रतिनिधि सभा नियमावली संशोधन गर्दै दुवै सदनको संयुक्त बैठकमा दुई तिहाई पूरा गरेर संविधान संशोधन गर्न सक्ने व्यवस्था गरेको थियो । तर त्यसलाई कार्यान्वयन नगरी यथास्थितिमा राख्न बुधबारसंवैधानिक इजलासले अन्तरिम आदेश दिएको हो ।

प्रधानन्यायाधीशडा. मनोजकुमार शर्मा, न्यायाधीशहरु कुमार रेग्मी, नहकुल सुवेदी, विनोद शर्मा र शारङ्गा सुवेदीको इजलासले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) मा उल्लेख गरिएको संविधान

>>> बाँकी ८ पेजमा

# From diplomatic solidarity to practical connectivity

Yusra Sarwar

Pakistan and Malaysia have enjoyed strong diplomatic relations throughout history. But this diplomatic solidarity is translating into strong people-to-people connectivity. Despite the regime changes, a tilt towards Pakistan is witnessed in the foreign policy of Malaysia. From taking the side of Pakistan on the Kashmir issue in the United Nations General Assembly in 2019, to forming a joint working group on the recent visit of Malaysian Home Affairs Minister Saifuddin Nasution Ismail to Islamabad in August 2026, the bond can be seen clearly.

While meeting with Interior Minister Mohsin Naqvi, and later on with President Asif Ali Zardari, the Malaysian Home Affairs Minister agreed to jointly work on security, pledged to deepen intelligence-sharing against terrorist and narcotics networks, committed to joint action against human trafficking and migrant smuggling, and agreed to expand cooperation between Pakistan's National Police Academy and the Royal Malaysia Police College.

Coast guard cooperation, cybercrime prevention, and immigration management all found their way onto the agenda. The cooperation witnessed at the diplomatic level is turning towards technical domains including trafficking, narcotics control, cybercrime, and coast guard training. While discussing terrorism and trafficking, both ministers turned to tourism and visa facilitation during their visit, a sign that Islamabad and Kuala Lumpur see people-to-people movement as inseparable from security cooperation, not a distraction from it.

Malaysia's engagement with Pakistan reflects a combination of shared Islamic identity, historical goodwill, and pragmatic diplomatic interests. Moreover, when India reduced its palm oil purchases from Malaysia, Pakistan stepped up and increased its palm oil imports. A small gesture, yet a loaded one.

Although Malaysia also maintains good relations with India, a tilt towards its Muslim brotherhood is clearly visible in Malaysia's foreign policy. In October 2024, as well when Prime Minister Anwar Ibrahim visited Pakistan, he reaffirmed Malaysia's support for the relevant UN resolutions on Kashmir even as the two countries expanded cooperation across trade, agriculture, education, defence and tourism.

Pakistan and Malaysia do not lack goodwill. What they lack is the unglamorous connective tissue: a system of direct flights, marketing budgets, and above all, easier visas that turns diplomatic solidarity into the kind of everyday movement of people that makes a relationship durable rather than merely symbolic.

Moreover, both leaders also reaffirmed their commitment to the formation of the Malaysia-Pakistan Closer Economic Partnership Agreement (MPCEPA). This was the first free trade agreement between Malaysia and a South Asian country and remains one of the most comprehensive agreements Pakistan has signed. Under this agreement, both countries agreed to promote their trade and investment in education, tourism, palm oil, agriculture, and defence cooperation.

Malaysia and Pakistan enjoy a moderate level of tourism. Despite having a history of diplomatic relations, this area remains underexplored. Although Malaysia received over 25 million international tourists in 2024 and is chasing 47 million for its "Visit Malaysia 2026" campaign, Pakistan barely registers as a source market in its published breakdowns, which are dominated by Singapore, Indonesia, China, Thailand, Brunei and increasingly India. Pakistan does not appear among Malaysia's top ten source markets in any recent official release.

Pakistani travel to Malaysia has grown steadily; arrivals rose 45 percent in 2019 to cross 97,000 in just eleven months, and Malaysian officials have since flagged Pakistan as a market they want to cultivate for family and MICE (meetings, incentives, conferences and exhibitions) travel. Malaysian Consul General Harun Hadiyanata has assumed that around 150,000 Pakistani tourists are expected to visit Malaysia in 2026. Among the top tourist destinations in Malaysia, Kuala Lumpur, Genting Highlands, Putrajaya and Langkawi top the chart.



But Malaysia rarely stands alone on the Pakistani traveller's map. Due to regional pricing, visa ease, and flight connectivity, Pakistanis also travel to neighboring Southeast Asian nations like Thailand, Singapore and Indonesia. On the contrary, the flow is moderate as well. Pakistan's own inbound tourism is minimal. Foreign tourist arrivals collapsed after 2013 and have never fully recovered. Afghanistan and the United Kingdom are among the top countries coming to Pakistan rather than any ASEAN state, particularly Malaysia. The numbers that show up from Malaysians are the trekking groups travelling to Gilgit-Baltistan's Hunza and Skardu valleys, Naran-Kaghan, and Swat.

The reason Pakistan is not among the top 10 tourist destinations in Malaysia is terrorism and security threats, especially after 2014. Moreover, the attacks on Chinese labourers in the Balochistan belt also reduced the chances of Gwadar Port and the province of Balochistan becoming a top tourist destination. Moreover, there are no direct low-cost flight routes between the two countries, which reduces the selection of either country as a tourist spot. Pakistan's hospitality infrastructure remains weak, with no properly developed hotels, roads, or safety measures. Lastly, the projection of Pakistani tourism is also very low on social media, giving a lesser fraction of people knowledge regarding Pakistan's culture, traditions, and rich history that can attract them. Pakistan also doesn't offer e-Visa or visa-on-arrival services to Malaysians, which cuts the ties between the people.

A solution to this bilateral tourism issue can be found if ASEAN member states, including Malaysia, Thailand, Singapore, the Philippines, Vietnam, and Indonesia, advance to a "one-visa-fits-all" scheme. This scheme will be modelled on Europe's Schengen system, which would let outside visitors move across the bloc on a single travel document. If this scheme materialises, it will make Southeast Asia dramatically more attractive to Pakistani travellers who already tend to combine Malaysia with Thailand and Singapore in one trip. It also hands Islamabad a natural diplomatic opening. Pakistan should be lobbying now, through its warm relationship with Kuala Lumpur, for early inclusion of Pakistani travellers as an eligible or fast-tracked nationality once the scheme launches, rather than waiting to apply for access after the fact.

Additionally, the two countries can offer each other a multiple-entry visa system which can further attract both communities to explore each other's land. Given how much political capital both capitals have already invested in framing this as a "fraternal" relationship rooted in "shared faith and mutual respect," it would be a modest but overdue step to match the rhetoric with something a Malaysian backpacker or a Pakistani family can actually use at an airport counter.

Pakistan and Malaysia do not lack goodwill. What they lack is the unglamorous connective tissue: a system of direct flights, marketing budgets, and above all, easier visas that turns diplomatic solidarity into the kind of everyday movement of people that makes a relationship durable rather than merely symbolic.

# एमसिसीको १८ किमि सीमापार प्रसारणलाइन तयार, पुसदेखि सञ्चालनमा ल्याइने

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानअन्तर्गतको चार सय केभी क्षमताको १८ किमि लामो न्यु बुटवल–नेपाल भारत सीमापार प्रसारणलाइन निर्माण सम्पन्न भएको छ । एमसिसी अनुदानअन्तर्गत चार प्रसारणलाइन, तीन सबस्टेसन र दुई सडक गरेर नौ परियोजना बन्दै छन् । त्यसमा पहिलो परियोजनाका रूपमा आइतबार १८ किमि लामो सीमापार प्रसारणलाइनको निर्माण सम्पन्न भएको हो ।

मिलिनियम च्यालेन्ट एकाउन्ट (एमसिए) नेपालले आइतबार सुनुवलमा एक औपचारिक कार्यक्रम गर्दै प्रसारणलाइनको निर्माण सम्पन्न भएको घोषणा गरेको हो । परियोजना निर्माण गर्न १४ भदौ ०८१ मा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भएको थियो । आवश्यक अध्ययन तथा सर्वेक्षण गरेर कम्पनीले १० मंसिरमा भौतिक निर्माणको काम सुरू गरेको थियो । त्यसको साढे नौ महिनामा निर्माणकार्य सकिएको हो । यस प्रसारणलाइनमा ५२ वटा टावर निर्माण भएका छन् ।

कार्यक्रममा अर्थसचिव तथा एमसिए–नेपालको सञ्चालक समितिका अध्यक्ष डा. घनश्याम उपाध्यायले नेपाल, संयुक्त राज्य अमेरिका र एमसिसीबिचको साझेदारीप्रति कृतज्ञता व्यक्त गरे । उनले भने, 'हामी यस उपलब्धिप्रति गर्व गर्छौं र नेपालको विकासका लागि भएको यस साझेदारीबाट प्राप्त हुने लाभका लागि हामी बाटो हेर्दै छौं ।'

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सुनील पौडेलले यस निर्माण सम्पन्नताबाट नेपालले आफ्नो विद्युतीय पूर्वाधार सुदृढ गर्न र सीमापार विद्युत् सम्पर्क विस्तार गर्न हासिल गरिरहेको प्रगति प्रतिबिम्बित भएको बताए ।




नेपाल विद्युत् प्राधिकरणका कायममुकाम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले यस परियोजनाबाट बृहत् लाभ लिन सकिने बताए । 'यस प्रसारणलाइनको निर्माण नेपालको ऊर्जा क्षेत्रका लागि एक महत्वपूर्ण उपलब्धि हो । नेपाल सरकारको अनुरोधलाई सम्बोधन गर्दै समयसीमाभित्रै निर्माणकार्य पूरा गर्नका लागि एमसिए–नेपालले गरेको प्रयासको हामी सराहना गर्छौं । यस उपलब्धिले नेपाल र भारतबिचको सुदृढ विद्युत् सञ्जालबाट प्राप्त हुने बृहत् लाभ हासिल गर्ने दिशामा हामी एक कदम अगाडि बढेका छौं,' उनले भने ।

एमसिए–नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले यो उपलब्धिले नेपाल सरकारका प्राथमिकता पूरा गर्ने सन्दर्भमा एमसिए–नेपालको प्रतिबद्धतालाई उजागर गरेको बताए । 'सीमापार प्रसारणलाइनको १८ किलोमिटर लामो यस महत्वपूर्ण खण्डको निर्माणकार्य सम्पन्न गर्न सफल भएकोमा हामीलाई गर्व लागेको छ ।' यस्तै, एमसिसी आवासीय राष्ट्रिय नियोगकी निर्देशक डायन फ्रान्सिस्कोले प्रसारणलाइनको नेपालतर्फको खण्ड सफलतापूर्वक सम्पन्न गर्न योगदान दिनुहुनेप्रति आभार व्यक्त गरिन् ।

यो परियोजना आगामी पुसदेखि सञ्चालनमा ल्याउने तयारी भएको प्राधिकरणका कायममुकामय कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए । यो न्यु बुटवल–गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको नेपाल खण्ड हो । भारत खण्डको प्रसारणलाइन नेपाल र भारतको संयुक्त लगानीमा निर्माणको अन्तिम चरणमा छ । भारत खण्डको निर्माण आगामी नोभेम्बरसम्म सकिनेछ । भारत खण्डको निर्माण सम्पन्न भएपछि यो प्रसारणलाइन सञ्चालनमा आउने कायममुकायम कार्यकारी निर्देशक श्रेष्ठले बताए ।

'भारतखण्डमा काम सकिन अझै दुई–तीन महिना लाग्छ । त्यसपछि यो सञ्चालनमा आउनेछ,' उनले भने, 'हामीले नोभेम्बर–डिसेम्बरमा यो प्रसारणलाइन सञ्चालन गर्ने गरी योजना बनाइरहेका छौं । तर, प्राविधिक विषय भयो भने केही तलमाथि पनि हुन सक्छ ।'

# बालेनको तालुमा आलु फलेकै हो त ?



• राजन कार्की
rajan2012karki@yahoo.com

बहुदलमा कांग्रेस सभापति शेरबहादुर देउवा बदनाम भए, प्रजातन्त्र भ्रष्टाचारको कालरात्रि सावित भयो । त्यसपछि भारतले प्रजातन्त्रवादी, सर्वहारावादी, समाजवादी, आतंकवादी सबैलाई एउटे हतियार बनाएर यसरी साध लगाइ लगाइ राजतन्त्रविरूद्ध प्रहार गऱ्यो कि राजतन्त्र समाप्त पारिदियो ।

पञ्चायत निरंकूश भयो भनेर बहुदल ल्याएको, बहुदल यति छाडा भयो कि न सिद्धान्त रह्यो, न नैतिकता । नीति र निष्ठा भनेको सत्ता र शक्ति जसरी पनि हातपार्नुपर्छ भन्ने एकमात्र सूत्र र राजनीति त्यसको स्रोत बन्नपुग्यो । बहुदल बदनाम भएर समाप्त भयो ।

०६३ को आन्दोलनले परिवर्तन ल्यायो । यो परिवर्तनको मूल आधार थियो राजतन्त्र निरन्तर कायम रहने, लोकतान्त्रिक पद्धति स्वीकार गर्ने । राजा र ७ दलवीचको यो सम्झौतामा भारतले आफ्ना प्रतिनिधिका रूपमा तत्कालीन कांग्रेस आईका नेता करण सिंहलाई पठाएको थियो । यो सम्झौतालाई राजाले २० वर्षपछि पनि पालना गरिरहेका छन्, दलहरूले २ वर्षमै आफ्नो बचनबद्धतालाई काटे र २०६५ साल जेठ १५ गते अवैधानिक रूपमा संविधानसभा मार्फत राजतन्त्रको अन्त गरेर गणतन्त्रलाई कार्यान्वयन गरे । त्यसपछि राजतन्त्र र हिन्दुराष्ट्र राजनीतिक मुद्दाका रूपमा अद्यापि कायमै छ । २०७२ सालमा संविधान जारी गरियो, यो संविधानले लिखित रूपमै धर्मनिरपेक्षता घोषणा गरेर इसाई र मुसाईकरणलाई तीब्रता दियो । संविधान जारी हुनुपूर्व राजनीतिमा राज्यसत्तालाई व्यभिचारको सिकार बनाइएको थियो भने संविधानसभा सदस्यको किनबेच, दाइजो दिने, रातो पासपोर्ट खरिद बिक्री गर्ने, मानव बेचबिखन आम्दानीको स्रोत बनाइएको थियो । अर्थात्, राजनीतिले राज्यलाई अराजक बनाइसकेको थियो । जनतामा असन्तुष्टि बढ्दै थियो ।

संविधानले ७५३ स्थानीय सरकार र प्रदेश र केन्द्र सरकार गरेर ७६१ सरकार बनायो । सयभन्दा बढी मन्त्री छन, ८ सय जति सांसद छन् । ३६ हजार स्थानीय जनप्रतिनिधि रहेका छन् । आयोग, समितिहरु छन्, भूतपूर्व विशिष्टहरूलाई आजीवन भत्ताको व्यवस्था गरिएको छ । पार्टीका नेता, कर्मचारी, सहयोगी, सल्लाहकार कति छन्, कति ? अमेरिकाजस्तो मुलुकमा ४ सय हाराहारीमा भीआईपी छन्, नेपालमा ४ हजारभन्दा बढी भीआइपीलाई सेवा पुऱ्याउनु छ । यी सबैलाई जनताले कर तिरेर पाल्नुपरेको, सेवा दिनुपरेको छ । अर्थात्, बग्रेल्ती सेता हात्तीहरूलाई घाँसपात हालिरहनुपरेको छ । अचम्म त के छ भने जातभात, छुवाछुत अन्त्य गर्ने भन्ने संविधानको भावना विपरित वार्षिक १ अर्वभन्दा बढी खर्च थारू, मुस्लिम, मधेशी, समावेशी, महिला, दलित, आदिवासी, भाषा, किसान, शिक्षा, प्राकृतिक स्रोत तथा वित्त, सूचना अनेक आयोगहरु रहेका छन् । एउटै सर्वपक्षीय आयोग बनाए हुने ठाउँमा सबैलाई खुशी पार्न र जागीर दिने प्रपञ्च गरिएको छ । देशको आर्थिक स्थिति नाजुक छ । अर्थतन्त्रको ढाड भाँचिएको अवस्था छ । विश्व अर्थजगतमा नेपाल ग्रेलिष्टमा परिसकेको छ । देशको आर्थिक औकात नै विचार नगरी लोकतान्त्रिक गणतन्त्रलाई लूटको अखडा बनाइएकाले विकास खर्च खुम्चिएको छ । वैदेशिक ऋण बढ्दै ३४ खर्ब पुगिसक्यो, देशको बजेट २२ खर्बमा समेटिएको छ । त्यसमा पनि वैदेशक ऋणको सावाब्याज, चालु खर्च बढेका कारण विकास खर्च खासै हुनसकेको देखिदैन । अर्थात् देशको हालत खस्कदै जाँदो छ । घाँटी हेरी हाड निल्नु भन्ने बुढापाकाको भनाइ सुनवाई हुनसकेको छैन ।

संघीय गणतन्त्रले मच्चाएको व्यभिचार र लूटतन्त्रका विरूद्ध जनताले आवाज उठाए । यो आवाजलाई २० वर्षे परिवर्तन र लोकतान्त्रिक गणतन्त्रवादी नेताहरूले एउटा कानले सुनेर अर्को कानले उडाइदिए । जनताले बाध्य भएर राजतन्त्र जिन्दावाद, राजा आउ देश बचाउ भनेर नारावाजी गर्न थाले । राजालाई प्रदेश प्रदेश, क्षेत्र क्षेत्रमा निम्त्याएर अभिनन्दन गर्न थाले । तैपनि गणतन्त्रवादीहरूले राज्यदोहन र जनअधिकारमाथि मनपर्दी गरिरहेकाले अन्ततः जेनजी पुस्ताले बिद्रोह गरे, सिद्धान्तहीन, नैतिकपतन गणतन्त्रको सत्ता र शक्ति २७ घण्टामा बालुवाको महल ढलेझैं ढल्यो ।

म गणतन्त्रवादी हुँ भनेर उभिने एकजना पनि देखिएनन् । जसरी पञ्चायत ढल्दा पञ्च बहुदलको छायाँमा हराएका थिए, बहुदल ढल्दा बहुदलवादी अतिवादीको छायाँमा पुगेका थिए, लोकतान्त्रिक गणतन्त्र खरानी हुँदा केपी ओलीजस्ता गणतन्त्रवादीलाई सेनाले बचाउनु पऱ्यो, देउवाजस्ता गणतन्त्रवादी रगतपच्छे भएर रूनु र विदेश भाग्नुपऱ्यो, प्रचण्डजस्ता सर्वहारावादी जो माओवादी त्यागेर नेकपामा पुगेका छन्, उनी आजसम्म शिर उठाउन सक्ने हालतमा छैनन् । तथापि सुरक्षाघेरामा उनी गणतन्त्र मास्न दिइन्न भनेर भ्यागुते उफ्राइ गरिरहेकै छन् ।

यथार्थमा पुरानो पुस्ताको पतन र नयाँ पुस्ताको उदय थियो, जेनजी विद्रोहको सफलता । त्यसपछि जनताले नयाँ पुस्तालाई विश्वास गरे, परिवर्तनका लागि रास्वपालाई मतादेश थिए । बालेन सरकार बन्यो ।

झण्डै ६ महिनाको कार्यकालमा बालेन सरकारले जनतासँग गरेको करार र घोषणापत्रअनुसार काम गर्न नसकेकोमा टिप्पणी भइरहेको छ । संसदमा विपक्षी दलले र सडकमा अलग धारमा विश्वास गर्नेहरूले बालेन सरकारको तीब्र आलोचना गरिरहेका छन् । यो बिरोधमात्र सुन्ने हो भने प्रश्न उठ्छ– बालेन साहको तालुमा आलु फलेकै हो त ?

पुराना दलहरूले बालेन सरकारलाई सय दिनको समय पनि दिएनन्, काम गर्न र कामको मूल्याङ्कन गर्न । सुरूदेखि थालिएको विरोध अहिले झन झन चर्को हुँदै गएको छ । यही समयमा लघुवित्त पीडित, मिटरव्याज पीडित, सहकारी पीडित, सुकुम्वासी समस्या, न्याय पाइएन भन्नेहरूको आवाज सडकमा छताछुल्ल भइरह्यो भने भदौ १० गते भोटेकोशीको बाढी महाप्रलय भएर आयो । बालेन सरकारले यो वर्षलाई सुशासनको वर्ष भनेर काम के थालेको थियो, समस्या माथि समस्या थपिदै गयो । समस्यासँग जुद्धाजुध्दैमा सुशासन कायम गर्ने काममा ढिलाइ हुँदै गएको छ । हिजो ७६१ सरकारले केही गरेन भनियो, आज पनि हालत लौरो न हतियार कै जस्तो देखिन्छ । जनमानसमा जुन जोगी आए पनि कानै चिरिएको भन्ने तिक्ततामा पनि बढेको छ । हात्ती आयो हात्ती आयो फुस्सा भन्नेहरु पनि भेटिन्छन् ।

तर बालेन सरकारको शक्ति भनेको इमानदारिता हो । घूस खायो, भ्रष्टाचार गऱ्यो भन्ने कुनै समाचार आएका छैनन् । बिरोधका लागि बिरोध गर्नेहरूले जेसुकै भनुन्, अमेरिकी एउटा पत्रिकाले परिवर्तनका लागि बालेन, रवि, सुदनजस्तालाई तैयार गरेको भन्ने अतिप्रचार पनि भइरहेको छ । यथार्थ के हो भने जेनजी विद्रोह भएकै हो र यो बिद्रोह जेनजी पुस्ताले नै गरेका हुन् । यो विद्रोहमा ७६ जेनजीले ज्यान दिएकै हुन्, कति अन्धअपाङ्ग बने तिनको हिसाव किताव हुनैबाँकी छ । प्रम बालेनले भनेका छन्– म देश बनाउन आएको हुँ । जेनजीको सपना बिर्सन्न, शहिदप्रति उच्च सम्मान छ ।

हो, घोडा चढने लड्छ, अर्थात काम गर्दा बिग्रन पनि सक्छ । अनुभवको कमीले बालेन सरकारमा कमीकमजोरी देखिएको छ । ती सुधार हुनुपर्छ । देश र जनताको सामर्थ्य धान्दै र अपेक्षा पुरा गर्दै अघि बढ्नुपर्छ । देशमा स्थिरता, शान्ति र विकास गर्नैपर्छ । बिध्वंशपछिको निर्माणमा इन्जिनियर प्रम बालेन साहले जनतालाई जित्तबुझ्दो खाका, तस्वीर सार्वजनिक गरेर, त्यो अनुसार राज्यसत्तालाई कृयाशील पार्नुपर्छ ।

बालेन साहको तालुमा आलु फलेको होइन, जनताले जिम्मेवारी दिएको र त्यो ऐतिहासिक दायित्व पूरा गर्छु भन्ने अठोट देखाउनु पर्छ भन्ने अभिकांश जेनजी पुस्तामा रहेको छ । प्रम बालेन साहले संसदको मर्यादा राखेनन् भन्ने आरोप छ । देशका प्रधानमन्त्री कार्यकारी प्रधानमन्त्रीको पक्षमा भए पनि संविधान संशोधन नभएसम्म यही संसदप्रति जवाफदेही हुनुपर्छ र जनता, प्रेस र संसदसँग जोडिनुपर्छ ।

कार्यकारी प्रधानमन्त्री, संघीयताको अन्त अथवा सिमितता, हिन्दुराष्ट्र र राजनीतिक मुद्दाको अन्त्य गर्ने हो भने पनि प्रम बालेन र रास्वपाले सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गर्नैपर्छ । कुनै दिन भ्रष्टाचारीलाई किरा परोस भन्ने राजनीतिक नारा उठेको थियो, अहिले भ्रष्टाचारीको मुखै हेर्दिन भन्ने बालेन व्यवहार उठेजस्तो अनुभूति भइरहेको छ । जे होस्, दलहरु छन्, दलहरूभित्र सिद्धान्तनिष्ठा पनि छन्, यसकारण सम्पर्क र संवाद त सबैसँग हुनैपर्छ । हेक्का रहोस् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।
- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

## २०८२ भाद्र २३ र २४ का विषयमा प्रतिवेदन सार्वजनिक गर

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको अहिलेसम्म कुनै वैधानिकता तथा अबैधानिकता के हो भनेर नत रास्वपा नेतृत्वको बालेन सरकार त्यस विषयमा बालेको छ नत पुराना भनिएका राजनीतिक दलहरु नै बोलेका छन् । पुराना दलहरु भने भाद्र २४ गतेको विध्वसात्मक कार्यको बैधाकिनतामाथि प्रश्न उठाउँदै आएका छन् भने सत्ताको नेतृत्वकर्ता रास्वपाले भने भाद्र २३ गतेको दमनमाथि प्रश्न उठाउँदै पुरानो राजनीतिक व्यवस्थाको असफलता र त्यसपछिको परिवर्तनको औचित्यलाई स्थापित गर्न चाहिरहेका छन् । पुराना दल भनिएका नेकपा एमाले, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूले २०८२ को जेनजीहरूको विरोध प्रदर्शनको सम्झना गर्दै एउटै विषयमा जोडदिँदै आएका छन् । भाद्र २४ गतेको घटना विध्वसात्मक कार्य थियो त्यसमा संलग्न भएकाहरूलाई कारबारही हुनुपर्दछ भन्दै आएका छन् भने रास्वपा र रास्वपा नेतृत्वको सरकार भने भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनमा भएको दमनको अनुसन्धान पुनः हुनुपर्ने बताउँदै आएका छ ।

२०८२ भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई रास्वपाका केही व्यक्तिहरूले हाइज्याक गरेको आरोप लाग्दै आएको छ । अर्कोतर्फ जेनजीहरूको विरोध प्रर्दशनपछि तत्कालिन केपी ओली नेतृत्वको सरकार ढलेपछि २०८२ फागुन २१ मा भएका संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएर सरकारमा पुगेको रास्वपा नेतृत्वको बालेन सरकार भाद्र २४ गतेको घटनामा मौन बसेको छ भने भाद्र २३ गते नै सहकारी ठगीको आरोपमा रवि लामिछानेलाई जेलमुक्त गराउँदै आन्दोलनकारीहरूले हर्ष बढाई गरेका थिए ।

रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको ६ महिना पुग्न लाग्दा समेत नत सभापति लामिछानेले सफाई नै पाएका छन् नत दोषी ठहर नै भएका छन् । यसरी अदालतको आदेशनुसार पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिलाई जेलमुक्त गराएको भएपनि त्यो असम्वैधानिक कार्य थियो तर आजसम्ममा पनि नत उनले सफाई नै पाएका छन् नत दोषी नै करार भएका छन् । त्यस विषयमा बालेन सरकार र रास्वपा मौन रहनुले अर्थ के ? के लामिछाने जस्तै अरू व्यक्तिहरूपनि अवैधानिक ढँगले जेलमुक्त भएका थिए तर उनीलाई प्रहरी प्रशासनले खोजी खोजी पक्राउ गरे तर सभापति लामिछानेका हकमा त्यो भएन किन ? के पार्टी सभापति र सत्ताधारी दल र सरकारको नेतृत्वकर्ता दलका सभापति भएकै कारण लामिछानेमाथि कारबाही नहुने हो त ? यदि त्यसो हो भने २०८२ भाद्र २३ गते मुलुकभरका जेलबाट भागेका वा भगाइएका सम्पूर्ण व्यक्तिलाई फेरी पक्राउ गरी जेलमा राख्न अधिकार सरकारलाई छैन/हुँदैन । कानुन सबैका लागि बराबर भने सिद्धान्तलाई उल्लघन गर्दै सत्ताको नेतृत्वकर्ता दलका नेता भएकै कारण कसैलाई उन्मुक्ति दिइनु हुँदैन ।

मानव अधिकार आयोग र गौरीबहादुर कार्की आयोगले दिएका प्रतिवेदनहरूमा समेत भाद्र २३ र २४ गतेका दुवै दिनका गम्भीर घटनामा संलग्न भएकाहरूलाई दोषी मानेर उनीहरूमाथि अनुसन्धान गरी कारबाही गर्न सरकारलाई सिफारिस गरेका छन् । तर, ती सिफारिसहरु सार्वजनिक सम्म गरिएका छैन भने अनुसन्धान हुने त कुरै भएन । यी घटनामा एकले अर्कोलाई दोषी मान्ने प्रवृत्ति देखिएको भएपनि भाद्र २३ गतेको घटनामा केही उदण्ड व्यक्तिहरु संलग्न भएका र सो दिन पानी बाँड्न आएको बताउने सुधन गुरूङसहितका व्यक्तिहरूले र उनीहरूकै समूहले उदण्डता प्रदर्शन गरेर भाइबैनीहरूलाई सडकमा उतारेको प्रष्ट भएको छ । तर गुरूङसहतका व्यक्तिहरु रास्वपामा प्रवेश गरेर राजनीतिक सुरक्षा खोजेका छन् । गुरूङसहित भाद्र २३ गते उदण्ड मच्चाउने र भाद्र २४ गते सिंहदरबारमा आगजनी गर्नेहरु प्रायः सबै रास्वपामा प्रवेश गर्नुको अर्थ के ? त्यस्ता उदण्डलाई आफ्नो पार्टीमा मात्र प्रवेश गराएनन् त्यस्ता सबै व्यक्तिलाई संघीय संसदको निर्वाचनमा टिकट दिएर निर्वाचनमा निर्वाचित भए अहिले उनीहरु नै सत्ताको नेतृत्वकर्ता र महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा रहेका हुनाले भाद्र २४ गतेको विध्वसात्मक कार्य र भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई उनीहरूले नै उदण्ड बनाएर हाइज्याक गरी आफ्नो स्वार्थ पूरा गरेको देखिन्छ । भाद्र २४ गतेको घटनामा जोडिएका रास्वपाका १७ सांसदसहित २५ जनामाथि मानवअधिकार आयोगले अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेकोमा उनीहरूलाई अनुसन्धान गर्नुको बदलामा प्रधानमन्त्री र मन्त्री बनाइएको छ । टीओबी समूहका दुई समूहलाई समेत अनुसन्धान गरी कारबाही गर्न भनिएकोमा बालेन सरकारले गौरीबहादुर कार्की आयोग र मानवअधिकार आयोगका सिफारिसहरु बुझेर पनि दराजमा थन्क्याइएका छन् । त्यसको एउटै कारण हो प्रधानमन्त्री बालेन र पार्टी सभापति लामिछानेसहित गृहमन्त्री सुधन गुरूङसहित रास्वपाका धेरै सांसदहरु कारबाहीमा पर्ने भएपछि सरकारले ती दुई आयोगका सिफारिसहरु सार्वजनिक गर्न चाहेका छैन । रास्वपाका सभापति लामिछाने अहिले पनि भगौडा हुन जलेमा रहेका व्यक्तिलाई मागेका भगौडा भनिन्छ उनी रास्वपा सभापति र सांसद भएकै कारण उनीमाथि कारबाही नहुने हो भने अन्य भगौडाहरु माथि समेत सरकारले कारबाही गर्न सक्ने अधिकार गुमाएको छ । अदालतको आदेशनुसार पुर्पक्षका लागि जेलमा रहेको व्यक्तिलाई कित अदालतले सफाई दिनु पऱ्यो कित सरकारले मुद्दा फिर्ता लिएको अवस्थामा मात्र उनी जुलमुक्त हुन सक्छन् । अहिले यी दुवै प्रक्रिया नभएकाले गर्दा पार्टी सभापति लामिछाने भगौडा नै भएको कानुनविद्हरूले बताउँदै आएका छन् । यसरी २०८२ भाद २३ र २४ गतेका घटनाको सत्य तथ्य बाहिर नआइकन भित्रभित्रै त्यसलाई निस्तेज पार्ने प्रयासमा रास्वपा र बालेन सरकार लागेको हुनाले अब जनस्तरमाबाटै भएपनि भाद्र २३ र २४ गतेको घटनामा संलग्न व्यक्तिहरूमाथि कारबाही गर्न आवाज उठाउनुपर्ने आवश्यकता देखिन्छ । किनकी कानुनको पालना गर्न र कानुन बचाउनका लागि  भन्ने हामीले ठानेका छौं ।

# संविधान संशोधनको बहस

रविजंग कार्की

नेपालमा संवैधानिक संस्कारको अभाव, संविधान निर्माणमा जनसहभागिता र अपनत्वको कमी, समावेशिता, समानता तथा परिष्कृत अधिकारको बढ्दो माग, अन्तर्राष्ट्रिय दबाब र मानव अधिकारसम्बन्धी दायित्व, संविधानका प्राविधिक त्रुटि वा अस्पष्टता, राजनीतिक अस्थिरता, दूरदर्शिताको अभाव, विगतको निषेधको राजनीतिजस्ता कारणले नेपालमा बारम्बार संविधान संशोधन हुने गरेको पाइन्छ । नेपालको संवैधानिक इतिहास हेर्दा प्रत्येक संविधानको औसत अवधि ९.४ वर्ष रहेको छ । हाल कार्यान्वयमा रहेको संविधान पनि ०७२ र ०७७ गरी दुईपटक संशोधन भइसकेको छ । यद्यपि, यी संशोधनले मधेशी, आदिवासी जनजातिका माग आंशिक सम्बोधन गरे पनि बहुदलीय लोकतन्त्र र विधिको शासनमा अंगीकृत संवैधानिक संस्कृति निकै कमजोर रहेको तर्क उठिरहेका छन् ।

संविधान संशोधनको बहस र पैरवी भइरहेको सन्दर्भमा देहायका विषयमा सम्बोधन हुनु जरूरी देखिन्छ ।

१. संघीयता र प्रदेशको रूपान्तरण वा खारेजी : भौगोलिक हिसाबले यति सानो मुलुकमा संघीय शासन र सोही व्यवस्थाअन्तर्गत तीन तहको संरचनामा ७६१ वटा सरकारको आवश्यकता हो वा होइन भन्ने विषयमा विज्ञ विभाजित देखिन्छन् । पक्षधरले स्विट्जरल्यान्ड (जुन नेपालको क्षेत्रफलको हिसाबले करिब २८ प्रतिशत मात्र) को उदाहरण दिन्छन् । जहाँ २६ क्यान्टोनसहित २२ हजारभन्दा बढी सरकार अस्तित्वमा छन् । यस्तै, नेपालभन्दा भौगोलिक हिसाबले साना मुलुक बेल्जियम, अस्ट्रिया, युएई र कोमोरसजस्ता राष्ट्रले संघीयताको सफल अभ्यास गरिरहेका छन् । यसैले, संघीयताको सफलता देशको आकारमा भन्दा पनि संस्थागत क्षमता, राजनीतिक इच्छाशक्ति, सुशासन र संविधानको प्रभावकारी कार्यान्वयनमा बढी निर्भर हुन्छ भन्ने अभिमत एक पक्षको रहे पनि अर्को पक्ष भने संघीय शासन प्रणाली नेपालजस्तो विकासोन्मुख र कमजोर अर्थतन्त्र भएको राष्ट्रलाई उपयुक्त नहुने विश्लेषण गर्छन् । यसरी हेर्दा, प्रदेश र स्थानीय सरकारको संख्या घटाउँदै सानो र गतिशील बनाउनु उपयुक्त हुन्छ ।

२. निर्वाचन क्षेत्र : संविधानको धारा २८६ मा निर्वाचन क्षेत्र निर्धारण आयोगबारे उल्लेख छ । निर्वाचन क्षेत्र निर्धारण तथा पुनरावलोकन गर्दा जनसंख्यालाई पहिलो र भूगोललाई दोस्रो प्राथमिकता दिएर निर्धारण गर्नुपर्ने तर प्रत्येक जिल्लामा कम्तीमा एक संघीय निर्वाचन क्षेत्र हुनुपर्ने व्यवस्था छ । यसरी, केन्द्रमा २७५ र प्रदेशमा ५५० निर्वाचन क्षेत्र छन् । यो संख्या अत्यधिक ठुलो हो । भइरहेको व्यवस्थामा पहिलो हुनेले जित्ने व्यवस्था हटाई बढीमा १०० संघीय निर्वाचन क्षेत्रसहितको समावेशी समानुपातिक बनाउन सकेमा जनताको अत्यधिक प्रतिनिधित्वको सम्भावना हुन्छ ।

३. नागरिकतासम्बन्धी : हालसम्म नागरिकतामा भएका व्यावहारिक समस्या, कानुनी अस्पष्टता र सामाजिक-राजनीतिक विवादका कारण संविधान संशोधनबारे बहस भइरहेकै छ । आमाको नामबाट नागरिकता दिने विषय स्पष्ट भए पनि 'आमाको नाम खुल्न नसक्ने अवस्था' र 'विदेशी पिता' भएको अवस्थामा के हुने अझै विवाद छ । विवाहपछि विदेशी महिलालाई नागरिकता दिने तर विदेशी पुरूषलाई नदिने व्यवस्था लैंगिक समानताविरूद्ध भएको आरोप छ । वंशजको नागरिकता पाउने-नपाउने सर्त अत्यधिक जटिल छन् । नेपाली नागरिकले नेपाली नागरिकता त्यागी विदेशी नागरिकता लिइसकेपछि स्वार्थअनुसार नागरिकता देखाउने प्रचलन बढ्दो छ । गैरआवासीय नेपालीले दोहोरो नेपाली नागरिकताको दोहन गरेका केही प्रतिनिधिमूलक घटना देखिएकै छन् ।

४. सांसद मन्त्री हुन पाउने-नपाउने व्यवस्था : संविधानको धारा ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी छ । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्का सदस्यमध्येबाट प्रधानमन्त्रीसहित बढीमा २५ जनाको मन्त्रिमण्डल बनाउन सक्ने व्यवस्था छ । नेपालको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक तथा भूराजनीतिक अवस्था र जनसांख्यिक बनोटका आधारमा यो मन्त्रिमण्डल ठुलो र भद्दा देखिन्छ । नेपालमा संघीय संसद्को सदस्य मन्त्री हुने व्यवस्था आफैँमा त्रुटिपूर्ण छ । धेरै मुलुकमा मन्त्रिमण्डलको गठन विशुद्ध विषय विज्ञ, व्यावसायिक र प्रायः 'टेक्नेक्रेट'को नियुक्ति गरिन्छ । जसमा विषयगत क्षेत्रको गहिरो अनुभव र रणनीतिक बुद्धिमत्ताको सम्मिश्रण हुन्छ ।

५. उपराष्ट्रपति पदको पुनर्संरचना : संविधानको धारा ६७-७३ मा उपराष्ट्रपतिको नियुक्ति, कार्यकाल, काम, कर्तव्य र अन्य व्यवस्थाबारे उल्लेख छ । राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने भनिएबाहेक कुनै काम, कर्तव्य र अधिकारबारे संविधानमा व्यवस्था गरिएको छैन । संविधान तथा कानुनमा कुनै काम, कर्तव्य र अधिकारको व्यवस्था नभएको संवैधानिक पदको औचित्य देखिँदैन । तथापि, संविधानले यसको विस्तृत दायरा नदिए पनि नेपालजस्तो औपचारिक राष्ट्रप्रमुख भएको प्रणालीमा उपराष्ट्रपतिलाई 'सेरेमोनियल ब्याकअप'का रूपमा राख्ने राजनीतिक सोच देखिन्छ । यस्तो अवस्थामा प्रतिनिधिसभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षलाई उपराष्ट्रपतिको समेत जिम्मेवारी दिन सकिन्छ ।

६. प्रत्यक्ष कार्यकारी प्रणाली : संविधान निर्माणदेखि नै जोडिएको एक जटिल र संवेदनशील राजनीतिक मुद्दा प्रत्यक्ष कार्यकारी प्रणाली हो । विशेषगरी, विद्यमान संवैधानिक अभ्यासमा भएका राजनीतिक अस्थिरताले थकित र वैकल्पिक उपाय खोजिरहेकाहरूले यसलाई स्थिरता र समृद्धिको 'रामवाण' ठानेका छन् । अर्को पक्षले शक्तिलाई एकै ठाउँमा केन्द्रित गर्दा नयाँ संकट वा निरंकुशताको प्रस्थानबिन्दु बन्न सक्ने जोखिम औँल्याएका छन् । प्रत्यक्ष कार्यकारी प्रणालीमा राज्यमाथि बाह्य स्वार्थ र हस्तक्षेप हाबी हुन सक्ने सम्भावना हुन्छ । हाल स्थानीय तहमा कार्यान्वयन गरिएको शासन सञ्चालनको स्वरूप दलीय प्रत्यक्ष कार्यकारी प्रणाली हो । तर, विगत एक दशकको अभ्यास र अनुभवका आधारमा सो शासन प्रणालीबाट जनभावनाको प्रत्यक्ष सम्बोधन र दीर्घकालीन समाधान भएको देखिँदैन । एक-दुई स्थानीय तहले विकास र समृद्धिको लय लिए पनि अन्तिम नतिजा यसै हुन्छ भन्न सक्ने अवस्था छैन । नेपालको सन्दर्भमा प्रत्यक्ष कार्यकारिणी अधिकार कसमा (राष्ट्रपति/प्रधानमन्त्री) मा निहित हुने भन्ने विषय नै विवादित हुन सक्छ । हाल विभिन्न २१ देशले कार्यकारिणी राष्ट्रपति र नाम मात्रको प्रधानमन्त्रीको शासकीय स्वरूप अवलम्बन गरेका छन् ।

७. निर्वाचन प्रणाली : संवत् २०७० को दोस्रो संविधानसभामा महोत्तरीको एउटा निर्वाचन क्षेत्रमा जम्मा तीन हजार ३०० मत प्राप्त गर्ने व्यक्तिले सभासद् जिते । जबकि त्यहाँ करिब ४० हजार सदर मत थियो, तर १०-१२ जना उम्मेदवारले बराबर-बराबर मत ल्याउँदा तीन हजार ३०० मतले उनी निर्वाचित भए । यो प्रत्यक्ष निर्वाचन प्रणालीको घोर अलोकतान्त्रिक चरित्र हो । निर्वाचन प्रणाली सुधारको बहसमा 'राइट टु रिकल', नो भोट, राइट टु रिजेक्ट, थ्रेसहोल्ड र खर्चसीमा चारवटै विषय महत्वपूर्ण रूपमा उठिरहेका छन् । निर्वाचित जनप्रतिनिधिले जनविश्वास गुमाएमा कार्यकाल पूरा हुनुअगावै मतदाताले निश्चित संवैधानिक प्रक्रिया पूरा गरी पदबाट हटाउन सक्ने व्यवस्था नै राइट टु रिकल हो । यसबाट निर्वाचनपछि जनताको नियन्त्रण, कार्यसम्पादन मापन तथा जवाफदेहिता प्रवर्द्धन हुन्छ । अमेरिका, कोलम्बिया, बेलारूस, ताइबान, पलाउ, इक्वेडर, नाइजेरियाजस्ता मुलुकमा राइट टु रिकलको व्यवस्था छ । निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवारमध्ये कुनै पनि उपयुक्त छैनन् भन्ने मतदातालाई लागेमा नो भोटको व्यवस्था र नो भोट गर्ने मतदाताको संख्या पहिलो हुने प्रतिस्पर्धीको भन्दा बढी भएमा परिणाम वैध नहुने व्यवस्था गर्नुपर्छ । साथै, निर्वाचनमा पहिलो हुने उम्मेदवारका लागि कम्तीमा ५० प्रतिशतभन्दा बढी सदर मत प्राप्त गरेमा मात्र उपयुक्त हुने व्यवस्था लागू गर्नुपर्छ ।

८. धारा २७६ : न्यायिक निकायले गरेको फैसला कार्यान्वयन गर्ने जिम्मेवारी सरकारको हुन्छ । भ्रष्टाचार, मानवताविरूद्धका तथा युद्ध अपराध, बलात्कार तथा यौन हिंसा, संगठित अपराध तथा कानुनले तोकेका अन्य गम्भीर अपराधमा यस्तो अधिकार प्रयोग गरिनेछैन भन्ने स्पष्ट कानुनी व्यवस्था भए पनि कार्यान्वयन भने निकै कमजोर छ । फलस्वरूप, राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण हुने क्रम बढ्दै गएको छ । साथै, माफी वा सजाय मिनाहाको निर्णय कारणसहित सार्वजनिक गरिनेछ र पीडितको राय लिनुपर्नेछ भन्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिँदैन । यस्तो अधिकार अदालतको अन्तिम फैसला तथा न्यायपालिकाको स्वतन्त्रतालाई निष्प्रभावी हुने गरी प्रयोग गरिनुपर्नेमा त्यसो भएको पाइँदैन ।

९. जिल्ला समन्वय समिति र जिल्ला सभा : जिसस र जिल्ला सभालाई विघटन वा संविधान संशोधनमार्फत खारेज गर्दा प्रशासनिक बोझ, दोहोरो संरचना हट्ने हुँदा दीर्घकालीन फाइदा हुने देखिन्छ । अर्कातर्फ, यसबाट तहगत सरकारबिच उत्पन्न विवाद समाधान गर्नुका साथै संघीयताको सबलीकरणमा सेतुको भूमिका निर्वाह गरेको पाइन्छ । यद्यपि, जिसस र जिल्ला सभाको अधिकारबारे स्पष्ट कानुनी व्यवस्था छैन । संघीयता कार्यान्वयन गर्ने मुलुकमा यस्ता संरचना पाइँदैनन् । स्पष्ट संवैधानिक व्यवस्थासहित ती निकायको काम, कर्तव्य र अधिकारको व्यवस्था या खारेजीको विकल्प देखिँदैन ।

१०. तहगत सरकारको कार्य विस्तृतीकरण : संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका सन्दर्भमा संविधान प्रारम्भ भएको मितिले तीन वर्षभित्र आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने उल्लेख भए पनि झन्डै १२ वर्ष हुँदासम्म पनि आवश्यक कानुन बनेका छैनन् । अनुसूची ५-९ मा व्यवस्था भएको तहगत सरकारको एकल तथा साझा अधिकारका विषय दोहोरो परेका छन् । संविधानअन्तर्गत उल्लिखित अधिकारको क्षेत्राधिकार के-कति हुने विषयमा समेत अन्योल छ ।

११.संवैधानिक परिषद् र न्यायपालिकामाथिको हस्तक्षेप : प्रधानन्यायाधीश नियुक्ति सम्बन्धमा विश्वव्यापी अभ्यास हेर्दा सर्वश्रेष्ठ मोडल देख्न सकिँदैन । तर, सफल लोकतान्त्रिक मुलुकमा प्रधानन्यायाधीश नियुक्तिका बखत राजनीतिक हस्तक्षेपको नियन्त्रण, योग्यता, न्यायिक स्वतन्त्रता, पारदर्शिता, जवाफदेहिताजस्ता विषयको सम्बोधन गरिएको हुन्छ । धारा २८४ बमोजिम व्यवस्था भएको संवैधानिक परिषद्मा अधिक सरकार वा कार्यपालिकाको हस्तक्षेप भएको देखिन्छ । यसले न्यायिक स्वतन्त्रता र निष्पक्षतामा समेत प्रश्न उठाउने सामर्थ्य राख्छ । परिमाणस्वरूप, शक्ति सन्तुलन र पृथकीकरणको परिभाषामै परिवर्तन आउँछ । प्रस्तुत चुनौतीलाई मध्यनजर गर्दै नेपालमा प्रधानन्यायाधीश नियुक्तिबारे स्वतन्त्र न्यायिक नियुक्ति आयोग गठन गर्नुपर्छ । जसमा पूर्वप्रधानन्यायाधीश, वरिष्ठतम् न्यायाधीश, कानुन (विश्वविद्यालय) का प्राध्यापक, मानव अधिकार विषयमा वकालत गर्ने प्रतिष्ठित व्यक्ति, संसदीय प्रतिनिधिका रूपमा प्रधानमन्त्री वा कानुनमन्त्री र प्रतिपक्षी दलका नेतासहितको संयन्त्रको गठन गर्न सकिन्छ ।

१२. राष्ट्रिय सभा : संविधानको धारा ८६ मा राष्ट्रिय सभा गठनबारे व्यवस्था छ । नेपालमा हालसम्मको अभ्यास हेर्दा प्रत्यक्ष वा परोक्ष रूपमा विज्ञसभाका रूपमा परिचित राष्ट्रिय सभा तल्लो सभाको छायामा परेको देखिन्छ । तल्लो सभा तुलनात्मक रूपमा माथिल्लो सभाभन्दा शक्तिशाली रहेको छ । हालको राष्ट्रिय सभा प्रतिनिधिसभासँग राजनीतिक चरित्रमा अत्यधिक समान देखिन्छ । यसलाई विकल्पका रूपमा विज्ञ सम्मिलित सदनका रूपमा विकास गर्न सकिन्छ । संघीयता सम्बद्ध विधेयकका सन्दर्भमा यसलाई 'फेडर च्याम्बर'का रूपमा विकास गर्न सकिन्छ । यसको मुख्य उद्देश्य नै संसदीय प्रतिनिधित्वभन्दा पनि अन्तर सरकारी सहकार्य र सम्बन्धलाई सबल र सक्षम बनाउने हुनुपर्छ । संशोधनले संविधानलाई गतिशील र जीवन्त बनाउँछ । संविधानलाई विखण्डनको होइन, सहमतिको दस्तावेज बनाई दिगो शान्ति, समृद्धि र विकासको राष्ट्रिय लक्ष्य पूरा गर्नु आजको प्रमुख आवश्यकता हो । *-नयाँ पत्रिका*

# विपद्पछिको विश्वव्यापी साथलाई कसरी दिने नयाँ रूप ?

**बबिता बिष्ट**

भोटेकोशीमा आएको विनाशकारी बाढीपछि विश्वभरका नेता र नागरिकले देखाएको सहयोग असाधारण रह्यो । यसले नेपालले दशकौंदेखि बनाउँदै आएको अन्तर्राष्ट्रिय प्रतिष्ठा देखाउँछ– संयुक्त राष्ट्रसंघको शान्ति स्थापनाको काममा, अन्तरसरकारी मञ्चहरूमा र पछिल्लो समय विश्वले निकै चासोका साथ हेरेको नेपालको राजनीतिक नवीकरणमा पनि । नेपालप्रति सहानुभूति र सहयोग छिट्टै जुट्नुको एउटा कारण नेपालले लामो समयदेखि कमाएको विश्वसनीयता हो ।

नेपाल अहिले उद्धार, विपद्बाट बलियो रूपमा उठ्ने र पुनर्निर्माण गर्ने चुनौतीसँग जुधिरहेको छ । यस्तो अवस्थामा नेपालसँग नैतिक नेतृत्व र विश्वको ध्यान खिच्ने विशेष अवसर छ । के नेपालले यस क्षणलाई विश्वव्यापी अभियानमा बदल्न सक्छ ? जलवायु विपद्को भयावह स्तरसँग जुध्न सक्ने समाधानका लागि नेपालले विश्वलाई एकजुट गराउन सक्छ ?



संयुक्त राष्ट्रसंघको महासभाले उच्चस्तरमा नेपालको आवाज विश्वसामु पुऱ्याउने अवसर दिन्छ । तर वास्तविक कूटनीतिक काम मुख्य सभाकक्षबाहिर हुने नेताहरूबीचका संवाद, द्विपक्षीय भेटघाट र सञ्चारमाध्यमसँगको सम्पर्कबाट हुन्छ । नेपालको अनुभवले अहिले विश्वसामु देखिएको ठूलो समस्यालाई नजिकबाट बुझ्न मद्दत गर्छ । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (यूएनईपी) को सेप्टेम्बर २०२६ को 'लिमिटिङ ओभरसुट' प्रतिवेदनले पनि १.५ डिग्री सेल्सियसको तापक्रम-सीमा नाघ्ने अवस्था अब टार्न नसकिने वास्तविकता बनेको बताएको छ । तर चरम जलवायु विपद् भोगिरहेका देशका लागि यो केवल एउटा तथ्यांक वा सैद्धान्तिक सीमा होइन । अत्यधिक गर्मी, बाढी, डढेलो, खडेरी र हिमताल फुट्ने जस्ता विपद् पहिलेभन्दा निकै ठूलो शक्तिका साथ आइरहेका छन् ।

नेपाल र विकासशील देशहरूले सामना गरिरहेको एउटा ठूलो चुनौती भनेको मानवीय सहायता, विकास र जलवायु कार्यका प्रणालीहरूबीच समन्वयको कमी हुनु हो । यी सबैले एउटै किसिमका जोखिमलाई सम्बोधन गर्ने भए पनि आ–आफ्नै तरिकाले काम गरिरहेका छन् । ठूला विपद् आएपछि केही समयका लागि सबैको ध्यान त्यसतर्फ जान्छ । तर विपद् आउनुअघि गरिने तयारीका लागि भने प्रायः पर्याप्त बजेट हुँदैन, जबकि यस्तो तयारीले क्षति र आपत्कालीन उद्धार तथा व्यवस्थापनको खर्च कम गर्न ठूलो मद्दत गर्छ । विपद्को जोखिममा रहेका समुदायहरू विपद् आउनुअघि नै असुरक्षित अवस्थामा हुन्छन्, विपद्का बेला समस्याले थिचिन्छन् र विपद्पछि पनि आवश्यक सहयोग पर्याप्त पाउँदैनन् । जलवायु परिवर्तनका कारण विपद्का घटना बढ्दै गएका छन् र तिनले ठूलो क्षति पुऱ्याइरहेका छन् । त्यसैले संकट आउनुअघि, संकटका बेला र संकटपछि पनि काम गर्ने छुट्टाछुट्टै प्रणालीबीचको दूरी हटाएर मिलेर काम गर्न आवश्यक छ ।

जलवायु न्यायको क्षेत्रमा रहेको कमजोरीले यो समस्या अझ जटिल बनाएको छ । जलवायु न्यायको मुख्य माग जलवायु परिवर्तनबाट भएको क्षति र नोक्सानीको क्षतिपूर्ति हो । तर संयुक्त राष्ट्रसंघको जलवायु महासन्धि (यूएनएफसीसीसी) अन्तर्गतको कानुनी व्यवस्थाले देशहरूलाई त्यस्तो क्षतिको कानुनी जिम्मेवार ठहराउने विषयलाई सावधानीपूर्वक पन्छाएको छ । क्षति र नोक्सानीका लागि बनाइएको कोष (एफआरएलडी) जस्ता संयन्त्र राजनीतिक रूपमा महत्त्वपूर्ण उपलब्धि हुन् । तर तिनको काम अघि बढाउन देखिएको ढिलाइ र पर्याप्त रकमको अभावले वास्तविक राहत सीमित भएको छ ।

नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाली वातावरण र हिमक्षेत्रको संरक्षणको विषय उठाउँदै आएको छ । तर केवल आवाज उठाएर र प्रमाण प्रस्तुत गरेर मात्र प्रणालीगत परिवर्तन आउँदैन । इतिहासले देखाएको छ– ठूला अन्तर्राष्ट्रिय परिवर्तन त्यतिबेला सम्भव हुन्छन्, जब जोखिममा रहेका देशहरूले समस्या बताउने मात्र होइन, ठोस समाधान पनि प्रस्ताव गर्छन् र त्यसका लागि राजनीतिक गठबन्धन बनाउँछन् ।

बार्बाडोसकी प्रधानमन्त्री मिया मोट्लीले अघि सारेको 'ब्रिजटाउन इनिसिएटिभ' यसको एउटा उदाहरण हो । उनले जलवायु जोखिम र ऋणको समस्यालाई विश्व बैंकको ऋणमा 'ऋण भुक्तानी रोक्न सकिने प्रावधान' (डेट पज क्लजेज) राख्ने र अन्य बहुपक्षीय विकास बैंकमा सुधार गर्ने विषयसँग जोडिन् । त्यसैगरी, प्रशान्त महासागरका टापु राष्ट्रहरूले 'प्यासिफिक रेजिलियन्स फ्यासिलिटी' नामको आफ्नै संयन्त्र बनाए । यसको लक्ष्य समुदायस्तरमा विपद् सामना गर्ने क्षमता बढाउन ५०० मिलियन अमेरिकी डलर जुटाउनु हो ।

**के नेपालले पनि विश्वलाई एकजुट गराउन सक्ने यस्तै कुनै प्रस्ताव अघि सार्न सक्छ ?**

अहिले जलवायु वित्तका लागि बनाइएका परम्परागत प्रणालीले जलवायु विपद्का बेला आवश्यक पर्ने छिटो र समयमै उपलब्ध हुने आर्थिक सहयोग दिन सकिरहेका छैनन् । यसले जलवायु परिवर्तनको असर घटाउने र त्यसअनुसार अनुकूल हुने दुवै प्रयासलाई कमजोर बनाउँछ ।

जलवायु विपद् सामान्य बन्दै गइरहेको अवस्थामा नेपालले अहिले भइरहेका वित्तीय संयन्त्रमा छिटो प्रतिक्रिया दिने छुट्टै व्यवस्था राख्न प्रस्ताव गर्न सक्छ । यसले विपद् आउनुअघि तयारी, विपद्का बेला तत्काल प्रतिक्रिया र विपद्पछिको पुनःस्थापनालाई एउटै चक्रका रूपमा हेर्न सक्छ । अहिले विभिन्न कोष र संयन्त्र छुट्टाछुट्टै र एकअर्कासँग दोहोरिने अवस्थामा छन् । यस्तो 'छिटो प्रतिक्रिया प्रणाली' (र्‍यापिड रेस्पोन्स ट्र्याक) ले उनीहरूबीच समन्वय बढाउन, दोहोरो काम घटाउन र सहयोगमा हुने ढिलाइ कम गर्न सक्छ ।

यससँगै नेपालले जलवायु कोषहरूमा प्राथमिकता पाउने अन्य समूहजस्तै हिमाली तथा उच्च उचाइमा रहेका देशका लागि छुट्टै श्रेणी बनाउन पनि माग गर्न सक्छ । यस्ता क्षेत्रहरू जलवायु परिवर्तनबाट अत्यन्त जोखिममा छन् । हिमक्षेत्रमा आएको परिवर्तनले तलतिरका नदी, वन, कृषि, सिमसार र समुद्री तटीय क्षेत्रसम्म असर पुऱ्याउँछ ।

सरल भाषामा भन्नुपर्दा, जलवायु विपद्ले अहिले ऊर्जा, खाद्य तथा कृषि, खानेपानी र सरसफाइलगायत जलवायु परिवर्तनसँग जुध्न आवश्यक क्षेत्रमा गरिएका महत्त्वपूर्ण लगानीलाई समेत जोखिममा पारिरहेको छ ।

विपद्का लागि विभिन्न तहमा आर्थिक स्रोत तयार राख्ने प्रणालीबाट पनि सिक्न सकिन्छ । सन् २०२५ मा जमैकामा 'मेलिसा' नामको शक्तिशाली आँधी आउँदा पहिल्यै तयार गरिएको जोखिम व्यवस्थापन प्रणाली सक्रिय भयो । त्यसमा आकस्मिक ऋण, जोखिमका आधारमा भुक्तानी हुने बिमा र विपद् बन्डजस्ता विभिन्न आर्थिक साधन समावेश थिए । यसबाट केही दिनमै २४१ मिलियन अमेरिकी डलर उपलब्ध भयो । यसमध्ये ९१.९ मिलियन अमेरिकी डलर 'क्यारिबियन क्याटास्ट्रोफ रिस्क इन्स्योरेन्स फ्यासिलिटी' बाट र १५० मिलियन अमेरिकी डलर विश्व बैंकले जारी गरेको विपद् बन्डबाट प्राप्त भयो ।

यसबाट एउटा विषय स्पष्ट हुन्छ– विपद् आउनुअघि नै पैसा तयार हुनुपर्छ, विपद् आएपछि त्यो छिट्टै उपलब्ध हुनुपर्छ र त्यससँगै पुनःस्थापना तथा पुनर्निर्माणका लागि ठूलो आर्थिक स्रोत पनि जुट्नुपर्छ ।

नेपालभित्र पनि नेपाली नागरिकको प्रतिक्रियाले असाधारण दृढता देखाएको छ । देश-विदेशमा रहेका नागरिक र सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि छिट्टै स्रोत जुटाए । अब नेपालले यो प्रारम्भिक प्रतिक्रियालाई दीर्घकालीन र बलियो पुनःस्थापना तथा पुनर्निर्माणको योजनासँग जोड्नुपर्छ । यसको आधार 'भविष्यका लागि निर्माण गर्ने' सोच हुनुपर्छ– पुरानै संरचना जस्ताको तस्तै बनाउने होइन । साथै, आर्थिक स्रोतलाई प्रभावकारी रूपमा प्रयोग गर्ने आन्तरिक प्रणाली पनि बलियो बनाउनुपर्छ ।

पैसा जुटाउनु चुनौतीपूर्ण हुन्छ, तर जुटेको पैसा समयमै खर्च गर्ने, सही ठाउँमा प्रयोग गर्ने र त्यसको हिसाब सार्वजनिक गर्ने काम पनि उत्तिकै कठिन हुन्छ । अन्तर्राष्ट्रिय समुदायमा नेपालको विश्वसनीयता धेरै हदसम्म यही काममा देखाएको परिणाममा निर्भर हुनेछ ।

नेपालले बहुपक्षीय तथा द्विपक्षीय सहयोग, जलवायु कोष, निजी क्षेत्रको लगानी र जोखिम कम गर्ने नयाँ आर्थिक साधनसहित विभिन्न स्रोतबाट पैसा जुटाउनुपर्नेछ । जलवायु परिवर्तन सहन सक्ने पूर्वाधार, पूर्वसूचना प्रणाली, नदी बेसिन व्यवस्थापन र समुदायको विपद् सामना गर्ने क्षमता विकासका लागि विश्वका उत्कृष्ट विज्ञता नेपालमा ल्याउनुपर्छ । पुनर्निर्माणलाई विभिन्न प्रकारका विपद् एकै पटक सामना गर्न सक्ने संरचना निर्माणको नमुना पनि बनाउन सकिन्छ, जसबाट अरू देशले पनि सिक्न सकून् । किनकि, यस्तो विपद् फेरि आउँदैन भन्न सकिँदैन ।

राष्ट्रिय विपत्तिलाई विश्वव्यापी सुधारको अवसरमा बदल्न बहुआयामिक कूटनीति आवश्यक छ । आगामी महिनामा संयुक्त राष्ट्रसंघको महासभा, टर्कीको अन्ताल्यामा हुने कोप-३१ र त्यसपछिका विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरू नेपाललाई आफ्ना सवाल राख्ने अवसर हुनेछ ।

संयुक्त राष्ट्रसंघको महासभाले उच्चस्तरमा नेपालको आवाज विश्वसामु पुऱ्याउने अवसर दिन्छ । तर वास्तविक कूटनीतिक काम मुख्य सभाकक्षबाहिर हुने नेताहरूबीचका संवाद, द्विपक्षीय भेटघाट र सञ्चारमाध्यमसँगको सम्पर्कबाट हुन्छ । सन् २०२२ को बाढीपछि पाकिस्तानले 'क्षति र नोक्सानी' को विषयमा विश्वको ध्यान खिच्न यस्तै कूटनीतिक प्रयास गरेको थियो ।

संयुक्त राष्ट्रसंघको जलवायु सम्मेलन अन्य देशका नेताहरूसँग कुरा राख्ने र कोप-३१ अघि समर्थन जुटाउने महत्त्वपूर्ण अवसर हो । कोप-३१ का औपचारिक वार्ता महत्त्वपूर्ण छन्, तर त्यहाँ राजनीतिक र आर्थिक स्वार्थका कारण परिवर्तनको गति ढिलो हुन सक्छ । त्यसैले नेपालले आफ्ना प्रस्तावलाई समर्थन गर्ने प्रभावशाली देशहरूसँग पनि सहकार्य खोज्नुपर्छ । विभिन्न समूहबाट समर्थन जुटाउनु र समाचारको ध्यान अन्यत्र गएपछि पनि त्यो समर्थन कायम राख्नु ठूलो चुनौती हुनेछ । यही ठाउँमा नेपालको राजनीतिक नवीकरणको महत्त्व देखिन्छ । लामो समयदेखि स्थापित राजनीतिक प्रणालीलाई चुनौती दिन सक्ने क्षमता देखाएको देशले त्यही भावना अन्तर्राष्ट्रिय प्रणालीमा पनि प्रयोग गर्न सक्छ ।

विश्वभर जलवायु विपद् अहिले हामीले बनाएका अनुमान र तयारीभन्दा छिटो र ठूलो रूपमा आइरहेका छन् । यस्ता विपद्ले सबैभन्दा बढी जोखिममा रहेका समुदायलाई नै सबैभन्दा ठूलो असर पारिरहेका छन् । यी विपद्को साझा समस्या भूगोल मात्र होइन । समस्या यस्तो प्रणालीमा पनि छ, जसले जोखिम देख्छ तर त्यसको सामना गर्न आवश्यक गतिमा काम गर्न सक्दैन । त्रिशूली नदीमा आएको बाढीले केही मिनेटमै ठूलो विनाश निम्त्यायो, तर त्यसबाट उठ्न र पुनर्निर्माण गर्न वर्षौं लाग्नेछ ।

नेपालको संकटमा विश्वभरबाट (सामान्य नागरिकदेखि सामुदायिक भान्सासम्म र ठूला खेलकुद लिगहरूसम्म) आएको सहयोगले विश्वमा मानवीय भावना अझै जीवित रहेको देखाएको छ । गहिरो रूपमा विभाजित हुँदै गएको संसारमा यही साझा मानवता नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो । विपद् आउन लाग्ने केही मिनेटको गति र पुनःस्थापना हुन लाग्ने वर्षौंको समयबीचको दूरी घटाउनु नै अहिलेको मुख्य चुनौती हो । विश्वको एकताबद्ध सहयोगसहित नेपालले यही दूरी घटाउने पुल निर्माण गर्न नेतृत्वदायी भूमिका खेल्न सक्छ । - *कान्तिपुर*



# राष्ट्र बैंक विधेयक अर्थ समितिबाट पारित : गभर्नरको कार्यकाल अब तीन वर्ष

काठमाडौं । संसद्को अर्थ समितिले नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, ०८३ सर्वसम्मतिले पारित गरेको छ । समितिले राष्ट्र बैंकको स्वायत्तता, सञ्चालकको योग्यता तथा स्वार्थको द्वन्द्व, मौद्रिक नीति सार्वजनिक गर्ने समय र नियमनको दायरालगायतका विषयमा संशोधनसहित विधेयक पारित गरेको हो ।




समितिले राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक सदस्यको कार्यकाल पाँच वर्षबाट घटाएर तीन वर्ष कायम गर्ने व्यवस्था गरेको छ । तर, कार्यसम्पादनका आधारमा उनीहरूलाई थप दुई वर्षका लागि पुनः नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले बैंक तथा वित्तीय संस्था र नियमनकारी निकायका उच्च पदाधिकारीको पदावधि घटाउने व्यवस्था संस्थागत स्थिरताका लागि उपयुक्त नभएको बताए । 'संस्थागत स्थिरताका लागि पाँच वर्षको पदावधि उपयुक्त हुन्छ । विभिन्न मुलुकमा पदाधिकारीको पदावधि फरक-फरक हुने भए पनि नेपालको सन्दर्भमा पाँच वर्षको कार्यकाल नै व्यावहारिक हुन्छ,' उनले भने ।

'अमेरिकामा अध्यक्षको पदावधि चार वर्ष र सञ्चालक समितिका सदस्यको अवधि १४ वर्षसम्म हुन्छ, भारतमा तीन वर्षको व्यवस्था छ,' उनले भने, 'तर नेपालमा पाँच वर्षको आवधिक सरकार गठन हुने भएकाले अन्य प्रमुख निकायका पदाधिकारीको कार्यकाल पनि सरकारकै लयमा पाँच वर्ष हुनु संस्थागत स्थिरताका लागि राम्रो हुन्छ ।' दाहालका अनुसार सरकार र प्रमुख निकायका नेतृत्वको टिम पाँच वर्षसम्म स्थिर रहन सके त्यसले संस्थागत नतिजा राम्रो दिन्छ । नेपालमा पटक-पटक सरकार परिवर्तन भइरहने र नयाँ सरकार आउँदा अघिल्लो सरकारले नियुक्त गरेका गभर्नर वा पदाधिकारीहरूसँग समन्वय नहुने समस्या रहेको उल्लेख गरे । उनले पदावधि घटाएर तीन वर्ष बनाउँदैमा ती समस्या समाधान नहुने स्पष्ट पारे ।

धितोपत्र बोर्ड, बिमा प्राधिकरण र बैंकहरूमा चार-चार वर्षको पदावधि रहेको उदाहरण दिँदै उनले भने, 'अन्य निकायमा चार वर्ष भए पनि गभर्नरको पाँच वर्षको पदावधि ठिकै थियो । तीन वर्ष बनाउँदा कार्यसम्पादनसँग जोड्न खोजिएको होला, तर मेरो विचारमा पाँच वर्षको अवधि नै उपयुक्त हुन्छ ।' उनले अन्तर्राष्ट्रिय अभ्यास फरक-फरक रहेकाले तीनवर्षे वा चारवर्षे मोडेलले मात्रै सबै चुनौती हल नगर्ने बताए । त्यस्तै, गभर्नर, डेपुटी गभर्नर तथा स्वतन्त्र सञ्चालक सदस्यको योग्यता र अनुभवसम्बन्धी व्यवस्थालाई पनि परिवर्तन गरिएको छ । स्वतन्त्र सञ्चालक सदस्यमध्ये कम्तीमा एकजना महिला हुनुपर्ने बाध्यकारी व्यवस्था पनि विधेयकमा राखिएको छ ।


वाणिज्य बैंक तथा वित्तीय संस्थाका बहालवाला पदाधिकारी सञ्चालक सदस्य बन्न नपाउने व्यवस्था गरिएको छ । त्यस्ता संस्थाको प्रमुख कार्यकारी अधिकृत पदबाट अवकाश लिएको दुई वर्ष नपुगेका व्यक्ति पनि राष्ट्र बैंकको सञ्चालक बन्न नपाउने गरी 'कुलिङ अफ पिरियड' राखिएको छ । यसैगरी, कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा ०.५ प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएका व्यक्ति राष्ट्र बैंकको सञ्चालक सदस्य बन्न अयोग्य हुने व्यवस्था गरिएको छ ।

समितिले राष्ट्र बैंकको मौद्रिक नीति सार्वजनिक गर्ने मिति नै तोकेको छ । नयाँ व्यवस्थाअनुसार राष्ट्र बैंकले हरेक वर्ष साउन १ गते मौद्रिक नीति निर्माण गरी घोषणा तथा प्रकाशन गर्नुपर्नेछ । अब कानुनी रूपमै मौद्रिक नीति सार्वजनिक गर्ने मिति तय भएको छ ।

समितिले राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणको दायरा पनि विस्तार गरेको छ । अब नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षा कोषलाई समेत राष्ट्र बैंकले नियमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था विधेयकमा समेटिएको छ । यस व्यवस्थाले वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका खेल्ने यी संस्थाको नियमन तथा सुपरिवेक्षणलाई राष्ट्र बैंकको दायरामा ल्याउनेछ ।

समितिले राष्ट्र बैंकको सञ्चालक समितिको बैठकसम्बन्धी व्यवस्था पनि थपेको छ । अब व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा दुईपटक बस्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै, मुद्रा, बैंकिङ तथा वित्तसम्बन्धी विषयमा नेपाल सरकारले निर्देशन दिन सक्ने ऐनको दफा १०६ ग को व्यवस्था यथावत् राखिएको छ । यसैबिच, राष्ट्र बैंक ऐनको सजायसम्बन्धी व्यवस्थाबाट उत्पन्न समस्या सम्बोधन गर्न तत्काल प्रक्रिया अघि बढाइने भएको छ ।

# सुदूरपश्चिमका ३१ बहुवर्षीय योजना रुग्ण



२६ वर्षअघि शिलान्यास भएर कालोपत्रेको पर्खाइमा रहेको बाजुरा सदरमुकाम मार्तडी जोड्ने सडकको दूरावस्था । मार्तडी-कोल्टी सडक जिल्लाको पूर्वोत्तरी क्षेत्रका स्वामी कार्तिक, जगन्नाथ र हिमाली गाउँपालिका तथा बुढीनन्दा नगरपालिकाका बासिन्दाका लागि सदरमुकाम पुग्ने एक मात्र मुख्य मार्ग हो । यो सडकको ठेकेदार हुन्, बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ ।

सुदूरपश्चिममा दुई दर्जनभन्दा बढी बहुवर्षीय योजना समस्याग्रस्त (रूग्ण) अवस्थामा पुगेका छन् । पटक-पटक म्याद थप गर्दा पनि सम्बन्धित निर्माण कम्पनीले काम नगरेका र लामो समयदेखि अलपत्र रहेका ३१ वटा बहुवर्षीय योजना अगाडि बढ्न नसक्ने अवस्था रहेको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

रूग्ण आयोजनाको सूचीमा प्रदेश स्थापना हुँदाकै बखत ठेक्का लागेका योजनासमेत छन् । मन्त्रालयका दुई दर्जन सडकसँग सम्बन्धित र आधा दर्जन सडक पुलसँग सम्बन्धित योजना रूग्ण अवस्थाका हुन् । प्रदेश गौरवको सूचीमा रहेका सडकखण्ड पनि रूग्ण अवस्थाका छन् । मन्त्रालयले सार्वजनिक गरेको स्थितिपत्रअनुसार प्रदेशभरि सञ्चालनमा रहेका आधाभन्दा बढी बहुवर्षीय योजनाको प्रगति पनि ५० प्रतिशतभन्दा कम छ । एक सय ९३ वटा बहुवर्षीय योजनामध्ये एक सय २९ वटाको प्रगति ५० प्रतिशतभन्दा कम छ ।

५० देखि ६० प्रतिशत भौतिक प्रगति रहेका योजना १९ वटा छन् भने ६० देखि ८० प्रतिशत प्रगति रहेका योजना २२ वटा र ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति रहेका योजनाको संख्या २३ वटा रहेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

मन्त्रालयले बहुवर्षीय योजना अवस्था अध्ययन गर्न एक समिति गठन गरेको छ । समितिको प्रतिवेदन आएपछि बहुवर्षीय योजनाको अवस्थाबारे थप विवरण प्राप्त हुने मन्त्रालयका सचिव विष्णु भण्डारीले बताए । उनका अनुसार समितिको प्रतिवेदनका आधारमा लामो समयदेखि काम हुन नसकेका बहुवर्षीय योजनाको म्याद थप गर्ने वा ठेक्का रद्द गर्ने विषयमा आवश्यक निर्णय हुनेछ ।

पूर्वाधार विकासमन्त्री ओमविक्रम भाटले निर्माण व्यवसायीको लापरबाही र ढिलासुस्तीका कारण ३१ वटा योजना समस्याग्रस्त अवस्थामा पुगेको बताए । निर्माण कम्पनीको लापरबाही, आवश्यकताअनुसार बजेट विनियोजन नहुनु, रकमान्तरको समस्या हुनु, सडकका योजनामा समयमै क्षेत्राधिकार खाली नहुनुजस्ता कारणले बहुवर्षीय योजनाहरूको काम प्रभावकारी हुन नसकेको उनको भनाइ छ । बजेटमा प्राथमिकतामा नपर्दा प्रदेशका नौवटै जिल्लामा गरी साढे ११ सयवटा खानेपानीका योजना अधुरा रहेको मन्त्रालयको विवरण छ ।

बजेट शून्यताका बिच प्रदेश सरकार अहिले चालू आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणको चरणमा छ । चालू वर्षको बजेटमा बहुवर्षीय योजनालाई प्राथमिकता दिएर रकम विनियोजन गरिने भौतिकमन्त्री ओमविक्रम भाटले बताए ।

समितिको प्रतिवेदनका आधारमा बहुवर्षीय र प्रदेश गौरवका योजनालाई कसरी अगाडि बढाउने भनेर निर्णय लिइने उनले बताए । मन्त्री भाटले सरकारले यसै वर्षबाट प्रदेशको राजधानी निर्माणको काम अगाडि बढाउने बताएका छन् । राजधानी निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिने उनले बताए । गत १ साउनदेखि बजेट शून्यतामा रहेको सुदूरपश्चिममा प्रदेश सरकार अहिले चालू वर्षको बजेट निर्माणको क्रममा छ ।

## खेलकुद

# नेपालले घरेलु भूमिमा बंगलादेशसँग टी-२०आई खेल्ने

नेपाली राष्ट्रिय क्रिकेट टोलीले घरेलु मैदानमा बंगलादेशसँग टी-२० अन्तर्राष्ट्रिय क्रिकेट सिरिज खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार आगामी वर्षको मार्चमा हुने तीन खेलको टी-२० आई सिरिज हुने जानकारी दिएको हो । बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)को संयुक्त पहलमा सिरिज आयोजना गर्न लागिएको क्यानका सचिव पारस खड्काले बताएका छन् । नेपालले टेस्ट मान्यता राष्ट्रसँग दोस्रोपटक टी-२० आई सिरिज खेल्न लागेको हो । एक वर्षअघि नेपालले दुईपटकको टी-२० विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग युएईमा प्रतिस्पर्धा गरेको थियो । जसमा नेपालले ऐतिहासिक रूपमा २-१ ले सिरिज हात पारेको थियो । नेपाल र बंगलादेशबिचको टी-२० सिरिजको तालिका पनि क्यानले सार्वजनिक गरेको छ । जसअनुसार पहिलो खेल २६ मार्चमा हुनेछ ।

दोस्रो तथा तेस्रो खेल २८ र ३० मार्चमा हुनेछ । खेल त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने जनाइएको छ । क्यानका सचिव खड्का अनुसार खेल नेपालमा हालै आएको विनाशकारी बाढीका कारण ज्यान गुमाएकाप्रति समर्पित हुनेछ । 'सिरिजले दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रभावित परिवार तथा समुदायप्रति सहानुभूति प्रकट गर्नेछ,' खड्काले भने । यस सिरिजसँगै बंगलादेशले नेपाली क्रिकेटको दीर्घकालीन विकासमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

बिसिबीले महिला क्रिकेट, उमेर समूहको विकेट तथा क्रिकेट पूर्वाधार विकासमा सहयोग गर्ने उनले बताए । यसैगरी भविष्यमा नेपाल 'ए' टोलीका भ्रमण तथा द्विपक्षीय 'ए' टोली कार्यक्रमलाई समेत प्रोत्साहन गर्दै खेलाडी विकास गर्ने लक्ष्य दुवै क्रिकेट बोर्डले राखेका छन् । 'दुई राष्ट्रका खेलाडीबिच प्रतिस्पर्धात्मक अनुभव र नेपालको क्रिकेटको दीर्घकालीन विकासमा सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ,' क्यानका सचिव खड्काले भने ।

# एसियाली खेलकुद : महिला भलिबलमा नेपाल जापानसँग सोझो सेटमा पराजित

आगामी ३ असोजदेखि आधिकारिक रूपमा जापानको नागोया र आइचीमा २० औँ संस्करणको एसियाड सुरू हुँदै छ । एसियाडको उद्घाटनअघि महिला भलिबल प्रतियोगिताको प्रारम्भिक चरणको पुल १ को खेल बुधबारदेखि सुरू भएको छ । नेपालबाट सहभागी महिला भलिबल टोली आयोजक जापानसँग सोझो ३-० को सेटमा पराजित भएको छ ।

कोमाकी आइचीस्थित 'कोमाकी सिटी स्पोर्टस् पार्क जेनरल जिम्न्यासियममा भएको स्पर्धामा पहिलो खेलमै जापानसँग २५-८, २५-१२ र २५-११ को सेटमा पराजित भएको हो । पहिलो सेटको सुरूवातका २ अंक नेपालले हात पारेको थियो । त्यसपछि जापानिज खेलाडीले एकपक्षीय रूपमा अंक बटुल्दै सेटमाथि कब्जा जमाए । एफआइभिबी वरीयतामा जापान छैटौँ तथा नेपाल ६९औँ स्थानमा रहेका छन् । स्वर्ण पदकको दाबेदार जापानविरूद्ध नेपालले कुनै पनि सेटमा उत्कृष्ट प्रदर्शन गर्न सकेन । दोस्रो तथा तेस्रो सेटमा नेपाली महिला खेलाडीले सुधारिएको खेल प्रस्तुत गरेका थिए । तर, ओलम्पिक खेलकुदको अनुभवप्राप्त खेलाडी सम्मलित जापानले नेपालमाथि एकपक्षीय जित निकाल्यो ।एसियाडमा हारबाट सुरूवात गरेको भलिबल टोलीले बिहीबार इन्डोनेसियासँग दोस्रो खेल खेल्नेछ । इन्डोनेसियाको एफआइभिबी वरीयता ५३औँ स्थान रहेको छ ।

# बिदाइ खेल खेल्न मेसीलाई प्रस्ताव

अर्जेन्टिनी फुटबल महासंघले आगामी ६ अक्टोबरमा विश्व च्याम्पियन पूर्वकप्तान लियोनल मेसीलाई बिदाइ गर्ने भएको छ । अर्जेन्टिनाले फिफा विन्डोअन्तर्गत बेनिनसँग मैत्रीपूर्ण खेल खेल्दै छ । यस खेलमा महासंघले मेसीलाई टोलीमा समावेश गर्दै औपचारिक रूपमा बिदाइ गर्ने जनाएको छ । महासंघका अध्यक्ष क्लाडियोले अर्जेन्टिनी फुटबलकै महान् खेलाडीलाई राष्ट्रिय टोलीमा समावेश गर्दै भव्य बिदाइ कार्यक्रम तय गरिएको बताएका छन् । ३९ वर्षीय मेसीले महासंघको प्रस्तावबारे कुनै प्रतिक्रिया दिएका छैनन् ।'हामीले मेसीलाई खेल्न निमन्त्रणा गरेका छौँ । उनीजत्तिको महान् खेलाडीलाई राष्ट्रिय टोलीबाट अन्तिमपटक खेल्दै बिदाइ गर्नुपर्ने हामीहरूको सपना हो,' क्लाडियोले भने, 'हामीलाई आशा छ- मेसीले यस प्रस्वाव स्वीकार गर्नेछन् ।' महासंघले मेसीलाई समेत समावेश गर्दै अर्जेन्टिनाको प्रारम्भिक टोली बिहीबार सार्वजनिक गरेको हो । मेसीले गत १५ भदौमा अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास घोषणा गरेका थिए । करिअरमा उनले राष्ट्रिय टोलीबाट दोस्रोपटक सन्न्यास लिएका हुन् । सन् २०१६ मा उनले विश्वकप तथा कोपा अमेरिका फुटबल प्रतियोगिताको उपाधि अर्जेन्टिनालाई दिलाउन नसकेको जनाउँदै पहिलोपटक सन्न्यास लिएका थिए । अर्जेन्टिनी समर्थकहरूको आग्रहमा उनले सन्न्यास फिर्ता लिए । सन्न्यास फिर्ता लिएको १० वर्षमा मेसीले अर्जेन्टिनालाई दुईपटक फिफा विश्वकपको फाइनलमा पुऱ्याए । सन् २०२२ मा कतारमा भएको विश्वकप फाइनलमा फ्रान्सलाई टाइब्रेकरमा हराउँदै मेसीले अर्जेन्टिनालाई सन् १९८६ पछि विश्व च्याम्पियन बनाए । गत जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गरेको २३औँ विश्वकपमा उनकै कप्तानीमा अर्जेन्टिना फाइनलमा पुगेको थियो । तर, फाइनलमा खराब प्रदर्शन हुँदा अर्जेन्टिना पराजित भयो । जसका कारण मेसीले अर्जेन्टिनालाई लगातार दोस्रोपटक विश्वकप दिलाउन सकेनन् । उनले सो विश्वकपमा आठ गोल गरेका थिए । आठपटकका बालोन डि'अर विजेता तथा हाल इन्टर मियामीबाट खेलिरहेका मेसी अर्जेन्टिनाका लागि सर्वाधिक गोलकर्ता हुन् । उनले २०७ अन्तर्राष्ट्रिय खेलमा १२५ गोल गरेका छन् ।

फिफा विन्डोअन्तर्गत अर्जेन्टिनाले २१ सेप्टेम्बरदेखि ६ अक्टोबरसम्म तीन मैत्रीपूर्ण फुटबल खेल्ने तालिका छ । फिफा विश्वकप २०२६ पछिको पहिलो खेल शृंखला रहेको मैत्रीपूर्णमा खेलमा बेनिनसँगै अर्जेन्टिनाले ३० सेप्टेम्बरमा बोलिभिया र ६ अक्टोबरमा बुर्किना फासोसँग खेल्ने तालिका छ । यी सबै मैत्रीपूर्ण खेल अर्जेन्टिनामै आयोजना हुनेछ ।

कर्पोरेट

## ● सिद्धार्थ बैंकको एनपिएल बचत खाता सार्वजनिक

नेपाल प्रिमियर लिग (एनपिएल)को टाइटल स्पोन्सर रहेको सिद्धार्थ बैंकले सिद्धार्थ एनपिएल क्रेडिट कार्ड र सिद्धार्थ एनपिएल बचत खाता सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत १ असोजदेखि आगामी ९ मंसिरसम्म आवेदन दिने ग्राहकले आजीवन निःशुल्क क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् । बैंकका अनुसार पहिलो वर्षको वार्षिक शुल्क कार्ड जारी गरेकै समयमा पूर्ण रूपमा छुट दिइनेछ । त्यस्तै, दोस्रो वर्षदेखि, ग्राहकले अघिल्लो वर्षमा कम्तीमा तीनवटा क्रेडिट कार्ड कारोबार पूरा गरेको खण्डमा मात्र वार्षिक शुल्क फिर्ता गरिने बताइएको छ ।

त्यसैगरी, सिद्धार्थ एनपिएल बचत खाता खोल्ने ग्राहकले सिद्धार्थ एनपिएल थिममा डिजाइन गरिएको डेबिट कार्ड पाउनेछन् । साथसाथै, सुरुवाती सुविधाका रूपमा ५०० सिद्धार्थ रिवार्ड पोइन्टसमेत ग्राहकले प्राप्त गर्ने बैंकले जानकारी दिएको छ ।

सिद्धार्थ एनपिएल डेबिट कार्ड र सिद्धार्थ बैंक स्मार्ट एक्सपी दुवैको सदस्यता लिने ग्राहले एकमुस्ट ५०० वार्षिक शुल्क तिरेर बन्डल प्याकेजको रूपमा सेवा प्राप्त गर्न सक्नेछन् ।

अभियान अवधिमा सबैभन्दा बढी रिवार्ड प्वाइन्ट्स कमाउने एकजना सिद्धार्थ एनपिएल बचत खातावालाले एसबिएलएनपिएल भिडियोमा फिचर हुने अवसर पाइनेछ । त्यसैगरी, रिवार्ड च्याम्पियन स्कोर हासिल गर्ने एकजना बचत खातावालाले सेमिफाइनलमा प्लेयर अफ दी म्याच पुरस्कारसमेत प्राप्त गर्ने बैंकले जनाएको छ ।

## ● सिटिजन्सको ४% लाभांश प्रस्ताव

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले गत आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ । बैंकको बुधबार बसेको ५२१औं सञ्चालक समितिको बैठकले कुल प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

बैठकले गत आवको मुनाफाबाट हाल कायम चुक्तापुँजी १५ अर्ब ५० करोड ७४ लाख ६३ हजारको ३.८० प्रतिशतले हुने बोनस सेयर र कर प्रयोजनका लागि नगद लाभांश ०.२० प्रतिशत वितरणको प्रस्ताव गरेको हो । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकले स्वीकृति गरेपछि तथा बैंकको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले पाउनेछन् । २० वर्षदेखि वित्तीय सेवा प्रदान गर्दै आइरहेको बैंकले यस अवधिमा सेयरधनीलाई २० वर्षमा औसत लाभांश दर १०.०८ प्रतिशतका दरले लाभांश दिएको छ ।

## ● नबिल एसएसई फेलोसिप र सर्टिफिकेट कोर्सका लागि आवेदन आह्वान

नबिल बैंक लिमिटेडले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) फेलोसिप कार्यक्रमको सातौं समूह र नबिल एसएसई सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन आह्वान गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सञ्चालन हुँदै आएका दुवै कार्यक्रमका लागि भदौ ३० गते मंगलबार आवेदन आह्वान गरेको हो। इच्छुक आवेदकहरूले आगामी असोज २६ गते (१२ अक्टोबर २०२६)सम्म आवेदन दिन सक्नेछन्।

१८ वर्ष उमेर पुगेका र नवीन उद्यमशील सोच भएका नेपाली नागरिकले आवेदन दिन सक्ने बैंकले जनाएको छ। आवेदनपछि छनोट हुनेले कार्यक्रममा कम्तीमा ९० प्रतिशत उपस्थिति कायम राख्नुपर्ने प्रावधान छ। समावेशी तथा दिगो आर्थिक विकासमा योगदान पुर्‍याउने माध्यमका रूपमा उद्यमशीलता प्रवर्द्धन गर्ने प्रतिबद्धतालाई निरन्तरता दिँदै बैंकले यी कार्यक्रम सञ्चालन गर्दै आएको बताएको छ।

दिगो उद्यम र रोजगारी सिर्जना गर्नुका साथै बृहत्तर सामुदायिक विकासमा योगदान पुर्‍याउने लक्ष्य राखेका महिला, युवा, गरिब, वञ्चित व्यक्ति र सीमान्तकृत समुदायका प्रतिबद्ध तथा सक्षम उद्यमीहरूलाई आवेदन दिन प्रोत्साहन गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले बताए। बैंकका अनुसार फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्समार्फत हालसम्म एक हजार ५८० जना सहभागीलाई तालिम प्रदान गरिसकिएको छ। तालिम लिएकाहरूले ३१८ वटा उद्यम स्थापना गरी १९ हजार ३०३ जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी तथा जीविकोपार्जनका अवसर सिर्जना भइसकेका छन्।

फेलोसिप कार्यक्रममार्फत हालसम्म सम्पन्न ६ वटा समूहबाट ११३ जना प्रशिक्षित भएका छन्। जसबाट ९३ वटा फेलो-नेतृत्वका उद्यम सञ्चालनमा रहेको बैंकले जनाएको छ। त्यस्तै, सर्टिफिकेट कोर्समार्फत एक हजार ४६७ जना सहभागी लाभान्वित भएका छन्। यसका साथै २२५ वटा उद्यम स्थापना भएको बैंकले जनाएको छ।

## ● ७ असोजदेखि एनआइसी एसिया इक्विटी अपर्चुनिटी फन्ड निष्कासन हुने

एनआइसी एसिया क्यापिटल लिमिटेडले थप सामूहिक लगानी कोष (म्युचुअल फन्ड) निष्कासन गर्ने भएको छ । क्यापिटलले ७ असोजदेखि 'एनआइसी एसिया इक्विटी अपर्चुनिटी फन्ड' निष्कासनमा ल्याउन लागेको हो । १० वर्ष अवधिको यो योजना एनआइसी एसिया बैंक म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुनेछ ।

क्यापिटलका अनुसार योजनाको प्रतिइकाइ १० रूपैयाँ अंकित दरमा ८० करोडबराबरको आठ करोड इकाइ बिक्रीमा ल्याइनेछ । निष्कासन हुने कुल इकाइमध्ये कुल बिक्री भएको इकाइको १५ प्रतिशत वा एक करोड २० लाख इकाइ कोष प्रवर्द्धक एनआइसी एसिया बैंकलाई सुरक्षित गरी बाँकी ६ करोड ८० लाख इकाइ सर्वसाधारणलाई बिक्री गरिनेछ । उक्त फन्डका लागि न्यूनतम एक सय र अधिकतम एक करोड इकाइसम्म आवेदन दिन सकिनेछ । आवेदन १३ असोजसम्म दिन सकिनेछ । तोकिएको समयमा पर्याप्त आवेदन नपरेको खण्डमा २१ गतेसम्म म्याद थप हुनेछ । फन्डको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक एनआइसी एसिया क्यापिटल लिमिटेड रहेको छ ।

## ● कामना सेवाको १५% लाभांश पारित

कामना सेवा विकास बैंक लिमिटेडको २०औं वार्षिक साधारणसभा बुधबार सम्पन्न भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष सुदीप आचार्यको अध्यक्षतामा सम्पन्न उक्त सभाले करसहित १५ प्रतिशत नगद लाभांश प्रस्ताव पारित गरेको हो ।

साथै, अग्राधिकार सेयरधनीले उक्त सेयर बाँडफाँड गरेको मितिदेखि असार मसान्तसम्मका लागि नौ प्रतिशत लाभांश दिने प्रस्तावसमेत पारित भएको छ । सोही सभाले लेखापरीक्षकको प्रतिवेदनसहितका विवरण पनि पारित गरेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले निरन्तर रूपमा दोहोरो अंकमा लाभांश वितरण गर्न सफल भएकोमा आगामी दिनमा पनि संस्थालाई दिगो र सबल बनाउन प्रतिबद्ध रहेको बताए ।

## ● प्रभु बैंकका सञ्चालक र कर्मचारीले गरे उद्धार कोषमा ४० लाख सहयोग

प्रभु बैंकका सञ्चालक तथा कर्मचारीले स्वैच्छिक रूपमा संकलन गरेको ४० लाख ८० हजार ५० रूपैयाँ रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सहयोग गरेका छन् । भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित तथा घरबारविहीन परिवारको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सो सहयोग गरेका हुन् । बैंकका सञ्चालक तथा कर्मचारीका तर्फबाट संकलित उक्त रकमको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत सुमन शर्माले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरे । विपत्को कठिन घडीमा प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले उक्त रकम संकलन गरिएको बैंकले जनाएको छ ।

यसअघि पनि प्रभु बैंकले बाढी प्रभावित परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले एक सय थान टेन्ट र एक सय थान स्लिपिङ ब्याग जिल्ला प्रशासन कार्यालय, नुवाकोटमार्फत प्रभावित परिवारलाई उपलब्ध गराएको थियो ।

## ● मुक्तिनाथ विकास र कर्मा रेसिडेन्सिजबिच सम्झौता

मुक्तिनाथ विकास बैंक लिमिटेड र गुड कर्मा ग्रुप अफ कम्पनिज प्रालि (कर्मा रेसिडेन्सिज)बिच आवास कर्जा सम्झौता भएको छ । सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र कर्मा रेसिडेन्सिजका अध्यक्ष कर्मा तेन्जिङले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार योग्य ग्राहकले बैंकको प्रचलित नीति तथा मापदण्डअनुसार आधार दरमा ०.२५ प्रतिशत प्रिमियममै आवास कर्जा सुविधाप्राप्त गर्न सक्नेछन् । कर्जाको अधिकतम अवधि ३० वर्षसम्म रहनेछ ।

यस सहकार्यबाट कर्मा रेसिडेन्सिजका आवासीय परियोजनाका ग्राहकलाई घर तथा अपार्टमेन्ट खरिदका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सहज हुने अपेक्षा गरिएको छ । कर्जा सुविधा ग्राहकको योग्यता, क्रेडिट मूल्यांकन, सम्पत्तिको मूल्यांकन, कानुनी तथा प्राविधिक परीक्षण र बैंकको प्रचलित नीतिअनुसार उपलब्ध हुने बताइएको छ ।

साथै, मुक्तिनाथ विकास बैंकले आवास, अटो, कृषिलगायत विभिन्न कर्जा सुविधा प्रतिस्पर्धी ब्याजदरमा उपलब्ध गराउँदै आएको छ ।

## ● एनआइसी एसिया बैंकले गर्‍यो तीन संस्थालाई सहयोग

एनआइसी एसिया बैंकले अफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत दुईवटा विद्यालयलाई आवश्यक सहयोग गरेको छ । बैंकले फलेवास नगरपालिका- ४, पर्वतस्थित मुडिकुवा स्वास्थ्यचौकी, जयनगर, बारबर्दिया नगरपालिका- ६, बर्दियास्थित श्री अंशुवर्मा माध्यमिक विद्यालय र चन्दननाथ नगरपालिका- १, जुम्लास्थित श्री मालिका आधारभूत विद्यालयलाई सहयोग प्रदान गरेको हो ।

बैंकले मुडिकुवा स्वास्थ्य चौकीलाई बिरामी उपचारमा आवश्यक पर्ने निडल कटर, निडल बर्नर, ह्विल चियर, ओपिडी बेड, बिपी सेट, स्टेडिओमिटर, स्क्रिन फुट स्टेप्स, पेरी लाइट, फेटल डोपलर, वेटिङ चियर र वाटर डिस्पेन्सरलगायत स्वास्थ्य उपकरण तथा सामग्री उपलब्ध गराएको छ । बैंकका पोखरा सर्कल हेड श्वेता शेरचन तुलाचन र न्युरोड पोखरा शाखा प्रमुख विजय चापागाईले स्वास्थ्य चौकी इन्चार्ज दुर्गाबहादुर थापा र वडाध्यक्ष अच्युत तिवारीलाई सहयोग सामग्री हस्तान्तरण गरे ।

त्यसैगरी, बैंकले अशुंवर्मा माविमा युभी वाटर फिल्टर र वाटर कुलर जडान गरेको छ । बैंकका नेपालगन्ज सर्कल हेड अशोककुमार तिमिल्सेना र मगरागढी शाखा प्रमुख महेन्द्रबहादुर शाहीले संयुक्त रूपमा उक्त विद्यालयका प्रधानाध्यापक पुमराज शर्मालाई उक्त सेवा जडान गरेर हस्तान्तरण गरेका हुन् । साथै, बैंकले मालिका आधारभूत विद्यालयका विद्यार्थीलाई डिजिटल प्रविधिमा आधारित आधुनिक शिक्षा प्राप्त गर्न सहयोग होस् भन्ने उद्देश्यसहित स्मार्ट बोर्ड प्रदान गरेको छ । बैंकका जुम्ला शाखा प्रमुख कालीबहादुर रोकायले विद्यालयका प्रधानाध्यापक हेमन्तबहादुर महतलाई सहयोग हस्तान्तरण गरे ।

कृषि विकास बैंकका कर्मचारीद्वारा बाढीपीडितलाई डेढ करोडभन्दा बढी सहयोग

भोटेकोशी बाढी प्रभावित परिवारको राहत तथा पुनर्स्थापनाका लागि कृषि विकास बैंकका कर्मचारीले आफ्नो मासिक तलबबाट रकम कट्टा गरेर डेढ करोड रूपैयाँभन्दा बढीको आर्थिक सहयोग गरेका छन्।बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको मासिक तलबबाट कट्टा गरिएको एक करोड ५३ लाख ९५ हजार २२ रूपैयाँ बैंकका तर्फबाट बाढीपीडितका लागि हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

उक्त रकमबराबरको चेक बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रताप सुवेदी र अध्यक्ष टंक पाण्डेले संयुक्त रूपमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरे।

## ● भोटेकोशी बाढीपीडितका लागि गरिमा विकास बैंकको एक करोडभन्दा बढी सहयोग

गरिमा विकास बैंक लिमिटेडले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि एक करोड एक लाख ११ हजार १११ रूपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। बैंकले कर्मचारीहरूको एक दिनको तलब तथा भत्ताबापतको १६ लाख २० हजार ५५० रूपैयाँ र बैंकको तर्फबाट ३४ लाख ९० हजार ५६१ रूपैयाँ गरी कुल ५१ लाख ११ हजार १११ रूपैयाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरेको जनाएको छ। बैंकले प्रभावित क्षेत्रको शिक्षा, स्वास्थ्य तथा पुनर्स्थापनाका लागि संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) कोषबाट स्थानीय निकायसँगको समन्वयमा थप ५० लाख रूपैयाँबराबरको प्रत्यक्ष सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। बैंकले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा प्रभावित नागरिकको शीघ्र स्वास्थ्यलाभ र सुरक्षित पुनर्स्थापनाको कामना गरेको छ।

## ● पब्जी प्रतियोगिताको इन्टरनेट साझेदार भायानेट

नेपालमा आयोजना हुन लागेको अन्तर्राष्ट्रिय पब्जी मोबाइल प्रतियोगिता पब्जी मोबाइल ग्लोबल ओपन (पिएमजिओ)को आधिकारिक इन्टरनेट साझेदार भायानेट कम्युनिकेसन्स बनेको छ । सम्झौताअनुसार प्रतियोगिताका लागि आवश्यक इन्टरनेट तथा कनेक्टिभिटी पूर्वाधार भायानेटले उपलब्ध गराउनेछ ।

पिएमजिओसँगको यो साझेदारी भायानेटको ई-स्पोर्ट्स् क्षेत्रमा बढ्दो संलग्नताको अर्को महत्वपूर्ण कदम भएको कम्पनीले बताएको छ । यसअघि भायानेटले पब्जी मोबाइल राष्ट्रिय च्याम्पियनसिप (पिएमएनसी)मा आधिकारिक इन्टरनेट साझेदारका रूपमा सेवा प्रदान गरेको थियो । पिएमजिओसँगको यस साझेदारीमार्फत भायानेटले अन्तर्राष्ट्रियस्तरको ई-स्पोर्ट्स् सञ्चालन गर्न सक्षम बनाउने नेटवर्क विश्वसनीयता, स्थिरता र न्यून विलम्ब नै आफ्ना ग्राहकले दैनिक रूपमा अनुभव गर्ने कनेक्टिभिटीको आधार भएको देखाउन चाहेको बताएको छ । कम्पनीका अनुसार यस साझेदारीले नेपालको गेमिङ तथा ई-स्पोर्ट्स् क्षेत्रमा भायानेटको बढ्दो संलग्नतालाई थप मजबुत बनाएको छ । 'जहाँ खेल रोकिन हुँदैन, त्यहाँ नेटवर्क असफल हुन सक्दैन ।

'ई-स्पोर्टस्मा खेलको नतिजा खेलाडीको सिप र निर्णय क्षमतामा मात्र निर्भर नभई, इन्टरनेटको कार्यसम्पादनले पनि प्रत्यक्ष प्रभाव पार्छ,' कम्पनीले भनेको छ, 'यसै कारण, अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताका लागि आवश्यक कनेक्टिभिटी उपलब्ध गराउने जिम्मेवारी भायानेटका लागि महत्वपूर्ण उपलब्धि हो ।'

## ● रोयल इन्फिल्डको नयाँ भेरियन्ट र रंग सार्वजनिक

रोयल इन्फिल्डले 'रोयल इन्फिल्ड हन्टर ३५० ' को नयाँ भेरियन्ट र रंग सार्वजनिक गरेको छ । रोयल इन्फिल्डको नेपालका लागि आधिकारिक विक्रेता अल्फा अटोमोटिभ प्रालि हो भने पोखरा क्षेत्रको आधिकारिक विक्रेता क्लासिक ड्राइभ प्रालि हो । पोखराको मुख्य बजार नयाँबजारस्थित सोरुममा बुधबार एक कार्यक्रमबिच नेपाली बजारमा बहुचर्चित हन्टर ३५० को नयाँ भेरियन्टसँगै दुई नयाँ रङ सार्वजनिक गरिएको हो । क्लासिक ड्राइभका निर्देशकद्वय अनिता रानाभाट र सरस्वती गोतामे सुवेदीले संयुक्त रूपमा रोयल इन्फिल्डले हालै बजारमा ल्याएको नयाँ 'टारम्याक ब्ल्याक' भेरियन्टसँगै टप भेरियन्टमा 'मुम्बई एल्लो' र 'मुनसुट ह्वाइट' गरी दुई नयाँ रङ सार्वजनिक गरेका थिए ।

सार्वजनिक गरिएको हन्टर ३५० को नयाँ टारम्याक ब्ल्याकको मूल्य चार लाख ८७ हजार, मुम्बई एल्लो र मुनसुट ह्वाइटको टप भेरियन्टको मूल्य पाँच लाख ११ हजार रूपैयाँ रहेको रानाभाटले जानकारी दिइन् । नयाँ भेरियन्ट तथा नयाँ रङका मोटरसाइकलको बुकिङ र बिक्री बुधबारदेखि नेपालभर रहेका अधिकृत रोयल इन्फिल्ड डिलरमार्फत सुरु भइसकेको समेत उनले जानकारी दिइन् ।

नयाँ टारम्याक ब्ल्याक भेरियन्टलाई दैनिक प्रयोगमा सहज र पहुँचयोग्य बनाउने उद्देश्यले ल्याइएको, यसमा हन्टरको मौलिक रोडस्टर डिजाइन कायम राख्दै एलोय ह्विल्स, राउन्ड ह्यालोजन हेडल्याम्प, डिजि-एनालग इन्स्ट्रुमेन्ट क्लस्टर, रोटरी स्विचगियर, स्टिच्ड सिट र स्पोर्टी ग्राब रेल समावेश गरिएको निर्देशक रानाभाटले जानकारी दिइन् ।

## ● आर्या फार्माले स्वास्थ्य शिविर सञ्चालन गर्ने

बाढी प्रभावित परिवारको राहत तथा पुनर्स्थापनामा सक्रिय भूमिका निभाउँदै आएको आर्या फार्मा ल्याब प्रालिले नुवाकोटमा स्वास्थ्य सेवा विस्तार गर्न चितवन मेडिकल कलेजसँग सहकार्य गरेको छ । बाढीपछि धेरै प्रभावित परिवार स्वास्थ्य संस्थासम्म पुग्न आर्थिक तथा व्यावहारिक कठिनाइ भएको अवस्थालाई ध्यानमा राख्दै समुदायमै पुगेर सेवा प्रदान गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

सहकार्यअनुसार विदुर नगरपालिकाका बाढी प्रभावित नागरिकलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । शिविर विदुर नगरपालिका- ७ स्थित सलोचना स्कुल वडा नं ५ स्थित त्रिशूली विद्यालय तथा सोही वडाको भैरवडाँडामा सञ्चालन गर्ने बताइएको छ । शिविरमा स्थानीयवासीलाई विशेषज्ञ चिकित्सकमार्फत स्वास्थ्य परीक्षण, चिकित्सकीय परामर्श, आवश्यक औषधि वितरण तथा विभिन्न रोगहरूको परीक्षण सेवा निःशुल्क उपलब्ध गराइने जनाइएको छ । थप उपचार आवश्यक पर्ने बिरामीको पहिचान गरी सम्बन्धित स्वास्थ्य संस्थामा रेफर गर्ने व्यवस्थासमेत मिलाइनेछ ।

## सरकारको...

गौतमले राष्ट्रियसभामा बोल्दै राष्ट्रिय सभा र राष्ट्रपति कार्यालयकै कारण सरकारको कार्यसम्पादन कार्यमा प्रभावित भएको अभिव्यक्ति दिएकी थिइन् । के राष्ट्रिय सभा र राष्ट्रपति कार्यालयकै कारण सरकारले काम गर्न नपाएको हो त ? अहिलेको मुख्य प्रश्न भनेको यहि हो । पहिलाका कतिपय सरकारहरूले पनि यस्तै गैरजिम्मेवारीपूर्वक अभिव्यक्ति दिएर आफ्नो सरकारको नालायकीपन देखाएका थिए । कहिले अदालतलाई देखाएर जनतालाई झुक्याउने अनि कहिले कर्मचारीतन्त्रलाई देखाएर 'नाँच्न नजान्ने आगन टेढो' भन्ने नेपाली उखानलाई चरितार्थ गरेका थिए । अहिले झण्डै दुई तिहाईको बहुमत सहितको सरकारलाई काम गर्न नदिने वा कार्यसम्पादमा अप्ठ्यारो पार्ने शक्ति कुन रहेछ त ? अब त्यो खुलासा हुनु पर्दछ । आफ्नो असफलता र नालायकीपनको दोष अरूलाई लगाएर जनतालाई झुक्याउने र आफ्ना पक्षका मतदाता र शुभचिन्तकहरूलाई भड्काउने कार्य तत्काल बन्द गरिनुपर्दछ । बालेन सरकारले नतिजा दिने कार्य गर्न नसकेको कारण के हो ? त्यसको खोजि गरौँ प्रक्रियामा समस्या भए त्यसलाई सुधार गरौँ, अहिले नेतृत्वमै समस्या देखिएको छ । नेतृत्वमा समन्यको अभाव रहेको छ । अरूलाई दोष देखाएर आफूँ पन्छिने प्रवृत्ति सरकारमा देखिएको छ । फरक विचार विकासका बाधक होइन । फरक विचारलाई सहन नसक्ने संस्कार, असहिष्णुता विकासको बाधक हो भने हेक्का सरकारलाई होस् ।

फरक मत हुनु लोकतन्त्रको समस्या होइन, बरू सौन्दर्य हो भन्ने सौँच प्रधानमन्त्री बालेनलाई आओस् । अहिलेको गम्भीर चिन्ताको विषय भनेको सामाजिक सञ्जालमा ध्रुवीकरण हो । अहिले सामाजिक सञ्जालमा असहमति, आलोचना क्रमश घृणामा बदलिँदै गएको छ । पुराना दलहरूलाई सम्पूर्ण रूपमा दानवीकरण गर्ने र नयाँ भनिएका दलहरूलाई प्रश्न विहिन देवत्वकरण गर्ने प्रवृत्ति बढेको छ । त्यस्तो प्रवृत्ति बढ्नुमा प्रधानमन्त्री बालेन नै दोषी रहेका छन् । पूराना दलका नेताहरूलाई गाली गलौज गर्दै फेसबुकमा स्टाटस लेख्दै उनीहरूको उछितो काढ्ने कार्यमा प्रधानमन्त्री नै सक्रिय रहेकाले रास्वपा समर्थक र प्रधानमन्त्री बालेन समर्थकहरूले स्टाटस लेख्ने गरेका छन् । नयाँ दल अर्थात रास्वपाको आलोचना कसैले गरे ऊ पूराना दलको समर्थक ठहरिने तर नयाँ दलका नेतामाथि प्रश्न गर्दा देशद्रोही, भ्रष्ट, विवेको र पुरानो व्यवस्थाको मतियारको आरोप लगाउने प्रवृत्तिले कहाँ पुऱ्याउँछ ? राजनीतिक असहमति यति हिस्रंक हुनु भनेको लोकतन्त्रकै लागि घातक सावित हुन सक्छ । त्यही कारणले गर्दा नयाँ भनिएका रास्वपा समर्थक र प्रधानमन्त्री बालेनको बोली व्यवहारमा सुधार आवश्यक रहेको छ । अरूको विचार सुन्न नसक्ने आफैँले भनेको र बालेको मात्र ठीक हुने हो भने सौँचले गर्दा भोली समाज भाँडिन सक्छ । आज कसैप्रति फैल्याइएको घृणा भोली आफैँतर्फ आउन सक्छ । समुदायमा घृष्णा फैल्याइएको खण्डमा त्यसले अर्को रूप लिन सक्छ भन्ने हेक्का रास्वपा समर्थक र प्रधानमन्त्री बालेन सहितका रास्वपाको सांसदहरूलाई होस् । बालेन सरकारले हिजो आफैँले घोषणा गरेका कतिपय कार्यहरु पूरा भए त । सुशासन र पारदर्शिता कति कायम भयो ? जनताका समस्याहरु कति समाधान भए ? अहिले सरकारले जनतालाई ग्यास सम्म दिन सकेको छैन । त्यो पनि पुराना दलहरूले गर्दा हो कि ?

जेनजीहरूलाई अघि लगाएर आफ्नो स्वार्थ पूरा गर्नेहरु को-को थिए भन्ने वास्तविकताको रहस्य त २०८२ भाद्र २३ र २४ गते सार्वजनिक भएका भिडियोहरु हेरेमा प्रष्ट हुन्छ । सिंहदरबारमा आगजनी गर्दा देखिस् ओली तेरो सिंहदरबारमा आगजनी गरिदिऔँ भन्ने को थिए ? बल्ल पऱ्यो माकुरी जालैमा भनि नाच्ने तोसिमा कार्की सहितका मानिसहरु कुन पार्टीमा रहेर सांसद रहेका छन् । के सिंहदरबार केपी ओली निजी निवास थियो त ? राष्ट्रको सम्पत्ति ध्वस्त बनाउने अनि आरोप लागेपछि आफैँले समिति बनाएर आफैँलाई उन्मुक्ति दिने निर्णय गर्नेहरु को-को थिए ? यी सबै तथ्यहरूले गर्दा प्रमाणित हुन्छ २०८२ भाद्र २३ गतेको विरोध प्रदर्शन र २४ गतेको विध्वसात्मक कार्य गर्नका लागि मात्र स्कूले भाइबैनीहरूलाई अघि सारेर आफ्नो स्वार्थ केही व्यक्ति र संस्थाहरूले पूरा गरेका थिए भनेर ।

## झुठको...

२४ को घटनामा संलग्न भएकाहरूलाई कारबाही गर्न आयोग र समिति गठन भए । भाद्र २३ मा जेनजीको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुधन गुरूङ नै अहिले गृहमन्त्री रहेका हुनाले उनले आफैँलाई कारबाही गर्न सिफारिस गरिएको गौरीबहादुर कार्की आयोगका प्रतिवेदन सार्वजनिक गर्न सक्ने सम्भावना नै छैन/थिएन । राष्ट्रिय मानवअधिकार आयोगले आयोगकी सदस्य लिलि थापाको नेतृत्वमो अनुन्धान समिति गठन गरेको थियो । सो समितिले भाद्र २४ गतेको घटनामा जोडिएका रास्वपाका १७ सांसद सहित २५ जनाको नाम किटान गरी आयोगले अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो । टीओबीसहित दुई समूहलाई अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो । गौरीबहादुर कार्की आयोगले समेत भाद्र २४ गतेको घटनाको अनुसन्धान गरी कारबाही गर्नु भनेको थियो । तर घटनामा संलग्न रहेकाहरु नै सत्तामा पुगेकाले उनीहरूले नत आयोग समितिको सिफारिस सार्वजनिक गरे नत कारबाही नै बरू प्रतिवेदन नै दराजमा थन्क्याईदिए ।

भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शनलाई उक्साउनेहरु नै अहिले सरकारमा रहेका छन् भन्ने स्टाटस मार्फत निर्देशन दिने व्यक्ति नै प्रधानमन्त्री रहेका र पानी बाँड्न आएको भन्दै झुठ बोल्ने व्यक्ति नै गृहमनत्री रहेकाले गर्दा उनीहरूले आफैँमाथि कारबाही पर्ने डरले गर्दा प्रतिवेदन सार्वजनिक सम्म गर्न चाहिरहेका छैनन् । गृहमन्त्री सुधन गुरूङ अहिले पूराना दलहरु सुध्रिनु पर्ने बताउँदै आएका छन् । तर आफैँ झुठ बोल्ने अनि आफ्नो झुठलाई सत्य सावित गर्न अरूलाई सुध्रिनुपर्दछ भन्ने अर्ति उपदेश दिन थालेका छन् । रास्वपाका सभापति रविलाई भाद्र २३ गते जेलबाट मुक्त गराउनेहरु को को हुन् ? उनीहरूमाथि समेत कारबाही हुनुपर्ने होइन र ? यी सबै प्रश्नको जवाफ रास्वपा र बालेन सरकार अनि गृहमन्त्री गुधन गुरूङले जनतालाई किन दिनु नपर्ने हँ ? आफैँ झुठ बोल्नेले अरूलाई अर्ति उपदेश दिनुको अर्थ के ?

## विपक्षलाई...

त्यसरी सरकारका काम कारबाहीका बारेमा प्रश्न उठाउनेहरूलाई पुराना दलका झोले भनेर रास्वपा र सरकारका समर्थकहरूले गाली गलौज गर्ने गरेका छन् । प्रधानमन्त्री बालेनले नै फेसबुक स्टाटस मार्फत पूराना दलका नेता र उनीहरूका कार्यकर्तामाथि अनेक प्रकारका आरोप लगाउँदै स्टाटस लेख्ने गरेका हुनाले रास्वपाका समर्थकहरु र बालेनका समर्थकहरूले समेत त्यसै गर्ने गरेका छन् । केही दिन पहिला कानुनमन्त्री सोविता गौतमले राष्ट्रियसभा र राष्ट्रपति संस्थाका कारण सरकारको कार्य सम्पादन प्रभावित भएको उद्घोष गरेकी थिइन् । के साँच्चिकै राष्ट्रिय सभाका कारण सरकारले काम गर्न नपाएको हो त ? पहिलाका सरकारहरूले समेत आफनो कमजोरीको दोष अरूलाई लगाउने गरेको थिए । तर अहिले रास्वपाको संसदमा झण्डै दुई तिहाई मत रहेको छ यति ठुलो शक्तिलाई काम गर्न नदिने कुन शक्ति रहेछ ? त्यसको जवाफ मन्त्री गौतमले जनतालाई दिनुपर्दछ । आफूहरु नाँच्न नजान्ने अनि आगन टेढो रहेछभनेर अरूलाई दोष लगाउन मिल्छ ?

सरकारले काम गर्न नसकेको भए त्यसको कारण खोज्न सरकारले किन सकेन ? निर्णय प्रक्रियामा समस्या भए त्यसलाई सुधार गर्न सकिन्छ । प्रशासनमा समस्या छ भने हटाउन सकिन्छ । तर बालेन सरकार त्यसतर्फ ध्यान दिन चाहाँदैन, किन कि बालेन सरकारका मन्त्रीहरूको जवाफ र अनियन्त्रित बोलीले गर्दा उनीहरु आफैँ संकटमा पर्दै आएका छन् । सरकार गठन भएको ६ महिना नपुग्दै केही मन्त्रीहरूलाई पदमुक्त गरियो ।

जनताले ग्यास पाएनौँ भन्नेहरूलाई पुराना दलका झोले भनेर गाली गर्न थालियो के रास्वपाको कार्यकर्ताहरु भातै नपकाई काचै चामल नै खान्छ त ? सरकारको आलोचना गर्नेहरूलाई पुराना दलका झोले भनिने हो भने रास्वपा र बालेन सरकारलाई समर्थन गर्नेहरूका झोले भएकी भएनन् ? पछिल्लो समयमा सामाजिक सञ्जालमा ध्रुवीकरण हुँदै गएको छ । प्रधानमन्त्रीले पुराना दलका नेता तथा कार्यकर्ताहरूलाई झोले भन्दै उनीहरूलाई स्टाटसमार्फत गाली गलौज गरीरहेका हुनाले रास्वपा समर्थक र सरकार समर्थकहरूले पनि त्यस्तै प्रकारका गाली गलौज गरी रहेका हुनाले अब सामाजिक सञ्जालको नियमन गर्न आवश्यक रहेको छ ।

## भदौ २३...

अन्तर्राष्ट्रिय जगत्लाई विश्वसमा लिएर जनताको रक्षा गर्नुपर्ने र सुरूङमा फसेका व्यक्तिको उद्दारमा तत्काल अन्तर्राष्ट्रिय जगतको सहयोग लिन बालेन सरकार चुकेको छ । प्रधानन्त्रीले नै बाढीपिडित र उद्दारका लागि सुरूङमा फसेका व्यक्तिको उद्दार गर्ने प्रविधि र उपकरण संसारमै नभएको जस्तो गैर जिम्मेवारीपूर्वक अभिव्यक्ति दिनु आफैँमा हास्यास्पद रहेको छ ।

बालेन सरकार २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई मात्र उचालिरहेको छ तर भाद्र २४ गते भएको विध्वसात्मक घटनाका बारेमा सरकार बोल्न चाहाँदैन आखिरी किन ? भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गते मुलुकभर विध्वसात्मक कार्य गरेका हुनाले आफूँहरु कानुनी कारबाहीमा पर्ने डर र गौरीबहादुर कार्की नेतृत्वको छानविन समितिको प्रतिवेदन र राष्ट्रिय मानवअधिकार आयोगको भाद्र २४ गतेको घटनाको प्रतिवेदन समेत सार्वजनिक गर्न चाहाँदैनन् मात्र होइन सरकार भाद्र २४ गतेको घटनाका बारेमा एक शब्द सम्म बोल्न चाहाँदैन ।

राष्ट्रिय मानव अधिकार आयोगले गठन गरेको लिलि थापा संयोजकत्वमा छानविन समितिको प्रतिवेदनमा रास्वपाका १७ सांसदसहित २५ जनालाई अनुसन्धान र छानविन गरी कानुनी कारबाही गर्न सरकारलाई सिफारिस गरेको हुनाले अहिले सत्तामा रहेका र सांसद रहेका रास्वपाकै सांसद र नेताहरूलाई कारबाही गर्नुपर्ने देखिएपछि सरकारले दुवै आयोगका प्रतिवेदनहरु दराजमा थन्क्याएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगसहित राजनीतिक दलहरूले ती प्रतिवेदन सार्वजनिक गर्न माग गरिरहेका भएपनि सुनुवाई हुन सकेको छैन । भाद्र २४ को विध्वसात्मक घटनामा संलग्न भएकाहरु रास्वपाका १७ सांसद सहित ५२ जनामाथि कानुनी कारबाही नहुने हो भने जोसुकैले कुनैपनि बेला त्यस्ता विध्वसात्मक कार्य गर्न सक्ने सम्भावना रहेकाले उनीहरूमाथि कारबाही हुनैपर्दछ । राजनीतिक दलहरूले गर्ने भनिएका आन्दोलनहरु हिंसात्मक भए त्यसको जिम्मेवारी आन्दोलन गर्नेहरूले नै लिनुपर्ने हुन्छ तर भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनका लागि अनुमति माग्ने हालका गृहमन्त्री सुधन गुरूङले भाद्र २३ गते आफूँ पानी बाड्न मात्र आएको र आफूँ कुनै नेता नभएको बताएर सरासर झुठ बोलेका थिए आखिरी किन ? अब त्यसको खोजविन गरी दोषी ठहरिए कारबाही हुनुपर्दछ । भाद्र २४ गतेको घटनाको छानविन गर्न रास्वपाका सभापति रवि लामिछाने सहित रास्वपाका सांसदहरूमाथि अनुसन्धान गर्न मानवअधिकार आयोगले सिफारिस गरेको थियो । तर उनीहरूले अर्थात रास्वपा र बालेन सरकारको आफ्नो अनुकूल हुने गरी भाद्र २३ को घटनाको नाम लिन चाहेका छन् भने २४ को विध्वसात्मक कार्यको उनीहरु नामै लिन चाहाँदैनन । यी सबै तथ्यहरूले प्रष्ट हुन्छ भाद्र २३ गतेको घटनामाथि समेत रास्वपाका नेता तथा कार्यकर्ताहरूको सहयोग रहेकाले आफूहरु कानुनी कारबाहीमा पर्ने डरले भाद्र २४ गतेको घटनाको नाम लिँदैनन् ।

## संविधान...

संशोधन एवम् प्रमाणिकरणको प्रावधान तथा नियम २५९ को उपनियम (१) मा उल्लेख गरिएको यो नियमावलीको संघीय कानूनको रूपमा विशेष कानून सरह लाखू हुने भन्ने समेत प्रावधान नेपालको संविधानको धारा १, १०४ (१), २७४ समेतको विपरित भएको भन्दै निवेदकले कार्यान्वयनमा रोक लगाउन माग गरेका थिए ।

नेपाली कांग्रेस राष्ट्रिय सभासंसदीय दलका नेता कमलादेवी पन्त लगायतले सर्वोच्चमा रिट दायर गरेका थिए । नेपालको संविधानको धारा १०४ को उपधारा (१) बमोजिम संघीय संसदको प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारबाही र कुनै सदन वा समितिको कार्यविधिनियमित गर्न नियमावली बनाउन सक्ने व्यवस्था सर्वोच्चले स्मरण गराएको छ ।

संविधानको धारा २७४ मा संविधान संशोधनको विधि र प्रक्रियासमेत निर्धारित भएकोमा उक्त संवैधानिक प्रावधान तथा नेपालको संविधान संशोधनको प्रक्रिया तथा प्रमाणीकरणको विधि उल्लेख छ । तर विधायिकाले बनाएको विषयगत ऐनहरूको व्यवस्था समेत निस्क्रिय हुनेगरी बनाइएको नियम २५९ को व्यवस्था संवैधानिक प्रबन्धको प्रतिकूल रहेको प्रथम दृष्टिमै देखिएको भन्दै सर्वोच्चले कार्यान्वयनमा रोक लगाएको हो ।

## फेसबुकमा...

तथा कार्यकर्ताहरूलाई फेसबुकमा स्टाटस लेख्दै झोले, भ्रष्ट भन्न थालेपछि उनका समर्थहरूले समेत त्यसैको अनुशरण गर्न थालेका छन् ।

बालेन सरकारका काम कारबाहीलाई लिएर कसैले आलोचना गऱ्यो भने ऊ पुरानो दलको समर्थक ठहरिन्छ । रास्वपा र प्रधानमन्त्री बालेनमाथि प्रश्न गरेको खण्डमा देशद्रोही, भ्रष्ट, विवेको वा पुरानो व्यवस्थाको मतियारको आरोप लगाइन्छ । राजनीतिमा असहमति हुन सक्छ, असहमति भयो भन्दैमा यदि व्यक्तिगत र हिंस्रक हुनु लोकतन्त्रको लागि शुभ संकेत हुन सक्दैन ।

पछिल्लो समयमा विदेशमा बस्ने नेपाली समुदायमा समेत यस्तै प्रवृत्ति देखिएको छ । विदेशमा रहेका रास्वपा समर्थक र बालेन समर्थकहरूले सञ्चालन गरेका सामाजिक सञ्जालहरूमा समेत पूराना भनिएका राजनीतिक दलका नेता र कार्यकर्ताहरूमाथि अनेक प्रकारका झुठा आरोप लगाउने गरिएको छ । सामाजिक सञ्जालमा आफ्नो विचार राख्ने अधिकार सबैलाई भएपनि कसैका विरूद्ध कपोकल्पित र आधारहीन आरोप लगाउने अधिकार कसैलाई छैन ।

घृणा त फेसबुकमा जन्मिएर त्यहाँमात्र सिमित हुँदैन । त्यो त समाजमा प्रवेश गर्दछ । आज कसैप्रति फैल्याइएको घृणा भोली अर्को समुदाय, अर्को दल, अर्को विचार र अन्तत परिवारमा सम्म पुग्न सक्छ । हामी नेपालीले यसको मूल्य चुकाइसकेका छौँ । अब त्यस्तो कटुता फैल्याउन नदिऔँ । सबै जिम्मेवार बनौँ त्यसमा पनि सरकार पहिले जिम्मेवार बन्नुपर्दछ ।

प्रधानमन्त्री बालेनले पूराना भनिएका दलका नेता र कार्यकर्तामाथि फेसबुक मार्फत लगाउने गरेको आरोपहरु तत्काल बन्द गर्नैपर्दछ । प्रधानमन्त्री पद भनेको बाचिन्जेलका लागि होइन, कुनै अँध्यारो कोठामा बसेर अरूलाई दोष लगाउनु भन्दा काम गरेर जनताको विश्वास जितेको खण्डमा पूराना भनिएका दलहरु स्वत आफैँ बाटो लाग्दछ यदि यस्तै हो भने बालेन सरकार लामो समयसम्म टिक्न सक्ने सम्भावना निकै न्यून रहेको छ त्यो पनि आफ्नै कारणले ।

## रास्वपाको...

गर्दै आएका छन् । रास्वपा नेतृत्वको बालेन सरकार गठन भएकै दिनदेखि विपक्षी दल र सञ्चार माध्यमका विरूद्ध खनिएको थियो । सरकारी सञ्चार माध्यमलाई आफ्नो गुणगान गाउने हतियारका रूपमा प्रयोग गर्ने गरी सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने निर्णय गरियो । सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित गर्ने निर्णयलाई सर्बोच्च अदालतले खारेज गरिदिएका भएपनि सरकारले त्यसलाई टेरपुच्छर लगाएका छैन । लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने भन्दै संसदबाटै बजेट पारित भैसकेको अवस्थामा कार्यविधिमा संशोधन गरेर लोकलोककल्याणकारी विज्ञापनका रकम कटौती गर्नु भनेको संसदको अपमान समेत हो । हुनत प्रधानमन्त्री बालेनले नै संसदलाई स्वीकार गर्न सकेको देखिएको छैन । संसदबाटै प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री बालेन संसदमा समेत उपस्थित हुन चाहाँदैनन् । सांसदहरूले उठाएका प्रश्नको जवाफ सम्म दिन चाहाँदैनन् । प्रधानमन्त्री जस्तो गरिमामय पदमा रहेका व्यक्तिले नेपालले भारतको जमिन मिचेको छ भनेर संसदको रोष्ट्रमबाटै गौर जिम्मेवारीपूर्वक अभिव्यक्ति दिँदा समेत रास्वपा नेतृत्व मौन रहनुले रास्वपाको नीति के हो भन्ने प्रश्न समेत उठेको छ । प्रधानमन्त्री भनेको संसदका नेता हुन् । नेताले नै आफ्नो मुलुकको अपमान गर्नेगरी नेपालले पनि भारतको भूमि मिचेको रहेछ भन्ने अभिव्यक्ति दिँदा समेत रास्वपा र रास्वपा सभापति मौन रहनुले रास्वपाको नीति के हो भन्ने प्रश्न समेत उठेको छ ।

## नेपाली कांग्रेस...

आफूमाथि कुटपिट भएपछि देउवा दम्पत्ति स्वास्थ्य उपचारका लागि सिंगापुर गएका थिए । सिंगापुर र हङकङ्गमा उपचारपश्चात् दउवा काठमाडौ फर्किएर फेरी राजनीतिमा सक्रिय भएका छन् । उनी स्वास्थ्य उपचारमा रहेकै बेला गगन थापा पक्षले विशेष महाधिवेशन गरेर थापा आफैँ सभापति बनेका थिए । त्यसबेला शेखर कोइराला लगायतका प्रकाशमानसिंह, कृष्ण प्रसाद सिटौला, शशांक कोइराला लगायत दर्जनौँ नेताले विशेष महाधिवेशनलाई स्वीकार गरेका थिएनन् भने देउवाले कार्यवहाक सभापति बनाएका पूर्ण बहादुर खड्काले समेत विशेष महाधिवेशन स्वीकार गरेका थिएनन् तर अहिले थापा पक्षले १४ औँ महाधिवेशनमा केन्द्रीय समितिमा रहेका सबैलाई १५ औँ महाधिवेशनको आयोजक समितिमा केन्द्रीय समितिमा राख्ने निर्णय गरेपछि देउवा शेखर कोइराला लगायत केही नेताहरु थापाको नेतृत्वमा नजाने भएपछि नेपाली कांग्रेस विभाजन हुन सक्ने सम्भावना बढेको छ । मुलुक अप्ठ्यारो अवस्थामा रहेको बेला लोकतान्त्रिक पार्टी विभाजित हुनु भनेको लोकतन्त्रमाथि नै संकट आउनु हो त्यसैले कांग्रेस विभाजनको हुनु भनेको लोकतन्त्र र नेपाली जनतामाथि नै घात हुनसक्छ ।


**संविधान दिवस भव्यरुपमा मनाऔं**

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।
- संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार